# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सुधार कार्ययोजना, २०८१

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

भाद्र, २०८१

मा. दामोदर भण्डारी
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४२००५२५
फ्याक्स नं.: +९७७-१-४२०००५२

पत्र संख्या:
चलानी नं.:

# मन्तव्य

वर्तमान सरकारले उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई सबल र सुदृढ बनाउदै स्वदेशी उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा सेवा प्रवाहमा सुधार गर्ने लक्ष्य लिएको छ। यस लक्ष्यलाई हासिल गर्न औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्थापन, कम्पनी प्रशासन, गुणस्तर तथा नापतौल, खानी तथा खानीजन्य उद्योगको प्रवर्द्धन तथा नियमन, आपूर्ति व्यवस्था, उपभोक्ता हित संरक्षण लगायतका कार्यहरू मन्त्रालयले सम्पादन गर्दै आएको छ। मन्त्रालयले नेपालको संविधान, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसँग सम्बद्ध ऐन तथा नियमावलीहरू, नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४, औद्योगिक नीति, २०६७, वाणिज्य नीति, २०७२, आपूर्ति नीति, २०६९, नेपाल व्यापार एकिकृत रणनीति, २०८०, आवधिक योजना लगायतबाट निर्दिष्ट भई उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास र प्रवर्द्धन गर्ने कार्य गरिरहेको छ ।

सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई सरलीकरण गर्ने, स्वचालित प्रणाली अवलम्वन गर्ने, औद्योगिक सम्बन्ध सुमधुर बनाउने, व्यवसायिक लागत घटाउने, उत्पादन वृद्धि गर्ने, निर्यात प्रवर्द्धन गर्ने, व्यापार घाटा न्यूनीकरण गर्ने, औद्योगिक तथा व्यापारिक पूर्वाधारको निर्माण तथा उचित व्यवस्थापन गर्ने, उपभोक्ता हित संरक्षण र आपूर्ति व्यवस्था दुरुस्त बनाई बजारलाई प्रतिस्पर्धी बनाउने कार्य योजनावद्ध ढंगले अघि बढाएको छ। मन्त्रालयले आफूलाई प्राप्त जिम्मेवारीलाई प्रभावकारी रुपमा निर्वाह गर्न तीनै तहका सरकार र सम्बन्धित निकायसँग समन्वय एवम् सहकार्य गर्दै आधुनिक प्रविधि र व्यवस्थापकीय उपायहरूको अवलम्वन गर्नु आवश्यक रहेको छ। यसै सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका निकायबाट प्रवाह हुने सेवालाई समेत समेट्दै समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुर्याउन यो कार्ययोजनाको तयार गरिएको छ। कार्ययोजनामा निजी क्षेत्रका छाता सङ्गठनहरू, प्राज्ञिक क्षेत्र, स्टार्टअपहरू, उपभोक्ता अधिकारकर्मी, माननीय पूर्व मन्त्रीहरू, पूर्व सचिवहरूलगायत सम्बन्धित सरोकारवालाहरूसँग मन्त्रालयले विभिन्न चरणमा छलफल गरी प्राप्त सुझावहरूलाई समावेश गरेको छ।

यो कार्ययोजनाको कार्यान्वयनवाट लगानीमैत्री नीति तथा कानून तर्जुमा हुने, उत्पादन तथा उत्पादकत्व वृद्धि हुने, व्यवसायिक वातावरणमा सुधार हुने, थप लगानी आकर्षण हुने, थप रोजगारी सिर्जना हुने, पुँजीगत खर्च वृद्धि हुने, सेवा प्रवाहमा सुधार हुने, व्यापार लागत न्यूनीकरणमा योगदान पुग्ने, व्यापार

नेपाल सरकार

मा. दामोदर भण्डारी
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४२००५२५
फ्याक्स नं.: +९७७-१-४२०००५२

पत्र संख्या:
चलानी नं.:

घाटा न्यूनीकरणमा सहयोग पुग्ने, उपभोक्ता हित संरक्षण हुने र आपूर्ति श्रृंखला व्यवस्थित भई समग्र उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको सुदृढीकरण हुने अपेक्षा लिईएको छ। मन्त्रालय समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई हासिल गर्नका लागि यस कार्ययोजनालाई मूर्त रुपमा कार्यान्वयन गर्न प्रतिवद्ध रहेको छ। यस कार्ययोजनाको कार्यान्वयनमा निजी क्षेत्र, तीनै तहका सरकारी निकाय, प्राज्ञिक क्षेत्र तथा सरोकारवाला सबैको सहयोगको समेत अपेक्षा गरिएको छ।

यस कार्ययोजना तयारीका लागि मार्गदर्शन गर्नु हुने सम्माननीय प्रधानमन्त्रीज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। कार्ययोजना तर्जुमाका लागि मन्त्रालयबाट आयोजित छलफल कार्यक्रममा सहभागी भई आफ्नो महत्वपूर्ण सुझाव तथा धारणा उपलब्ध गराई दिनुहुने माननीय पूर्वमन्त्रीहरु, पूर्वसचिवहरु, निजी क्षेत्रका छाता संघ संगठन एवम् वस्तुगत संघका पदाधिकारीहरु, प्राज्ञिक क्षेत्र र पेशागत क्षेत्रका सम्पूर्ण व्यक्तित्वहरुप्रति आभार प्रकट गर्दछु। अन्त्यमा, कार्ययोजना तयारीमा संलग्न सबै कर्मचारी साथीहरुलाई समेत धन्यवाद दिन चाहन्छु।

भाद्र ११, २०८१

दामोदर भण्डारी

मन्त्री

# विषय सूचि

**१. उद्योग क्षेत्र** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ उद्योग क्षेत्रको हालको अवस्था ........ २
१.२.१ उद्योग तथा कम्पनी प्रशासन ........ २
१.२.२ औद्योगिक पूर्वाधार ........ ३
१.२.३ खानी तथा खनिज प्रवर्द्धन ........ ४
१.२.४ गुणस्तर तथा नापतौल ........ ४
१.३ उद्योग क्षेत्रको प्रमुख सवालहरू ........ ५
१.४ उद्योग क्षेत्रको सुधार कार्ययोजना ........ ६
**२. वाणिज्य क्षेत्र** ........ १६
२.१ नेपालको वैदेशिक व्यापारको परिदृश्य ........ १६
२.२ द्विपक्षीय व्यापार ........ १८
२.२.१ भारत ........ १८
२.२.२ चीन ........ १९
२.२.३ बंगलादेश ........ २०
२.२.४ भुटान ........ २०
२.२.५ संयुक्त राज्य अमेरिका ........ २१
२.२.६ युरोपेली मुलुक ........ २१
२.२.७ पूर्वी एसियाली मुलुक तथा अष्ट्रेलिया ........ २२
२.२.८ मध्य एसिया तथा अफ्रिकी मुलुक ........ २२
२.३ क्षेत्रीय व्यापार ........ २२
२.३.१ सार्क क्षेत्रीय व्यापार सम्बन्धी सम्झौता ........ २२
२.३.२ बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र ........ २३
२.३.३ बंगलादेश-भुटान-भारत-नेपाल सवारी साधन सम्झौता (BBIN MVA) ........ २४
२.४ व्यापार सहजीकरण तथा निर्यात प्रवर्द्धन ........ २५
२.४.१ व्यापार सहजीकरण ........ २५

२.४.२ लजिष्टिक्स पूर्वाधार ........................................................................................... २५

२.४.३ निर्यात प्रवर्द्धन ........................................................................................... २८

२.५ बहुपक्षीय व्यापार तथा व्यापार सहायता क्षेत्र ................................................................. २९

२.५.१ पृष्ठभूमि ........................................................................................... २९

२.५.२ प्रमुख सवालहरू ........................................................................................... २९

२.६ वाणिज्य क्षेत्रको सुधार कार्ययोजना ........................................................................... ३१

(क) द्विपक्षीय व्यापार क्षेत्रको सुधार कार्ययोजना ........................................................................... ३१

(ख) क्षेत्रीय व्यापार क्षेत्रको सुधार कार्ययोजना ........................................................................... ३३

(ग) व्यापार सहजीकरण तथा निर्यात प्रवर्द्धन क्षेत्रको सुधार कार्ययोजना ........................................ ३४

(घ) बहुपक्षीय व्यापार तथा व्यापार सहायता क्षेत्रको सुधार कार्ययोजना ........................................ ३९

**३. आपूर्ति क्षेत्र** ........................................................................................... ४२

३.१ पृष्ठभूमि ........................................................................................... ४२

३.२ आपूर्ति क्षेत्रको वर्तमान अवस्था ........................................................................................... ४२

३.३ प्रमुख सवालहरू ........................................................................................... ४३

३.४ आपूर्ति क्षेत्रको सुधार कार्ययोजना ........................................................................................... ४४

४. निष्कर्षः ........................................................................................... ५०

# उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय सुधार कार्ययोजना, २०८१

## १. उद्योग क्षेत्र

### १.१ पृष्ठभूमि

नेपालमा औपचारिक रुपमा बि. सं १९९२ सालमा उद्योग परिषद्को गठन भई कम्पनी ऐन तर्जुमा भए पश्चात् पहिलो उद्योगको रुपमा बि.सं. १९९३ सालमा विराटनगर जुट मिलको स्थापना भएसँगै मुलुकका विभिन्न क्षेत्रमा उद्योग स्थापना हुन थालेको पाईन्छ। यसै क्रममा बि.सं. २०१६ सालमा उद्योग विकास निगम स्थापना भएको थियो भने औद्योगिक व्यवसाय ऐन, २०१८ जारी भए पश्चात् उद्योगको विकास, विस्तार र प्रवर्द्धन भएको देखिन्छ। नेपालमा हालसम्म ठूला, मझौला र विदेशी लगानीमा आधारित ९,५१९ र लघु, घरेलु तथा साना उद्योग ६,५८,८६२ दर्ता भएको देखिन्छ। औद्योगिक व्यवसाय ऐन, २०७६ ले उद्योगलाई पूँजीका आधारमा लघु, घरेलु, साना, मझौला र ठूला गरी ५ प्रकारमा विभाजन गरेको छ भने उत्पादन हुने वस्तु तथा सेवाको आधारमा उर्जामूलक, उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित, खनिज, पूर्वाधार, पर्यटन, सूचनामूलक र सेवामूलक उद्योग गरी ८ प्रकारमा वर्गीकरण गरेको छ। आ.व. ०८०।८१ मा कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ४.९ प्रतिशत रहेको छ भने समग्र औद्योगिक क्षेत्रको योगदान करिब १३.० प्रतिशत रहेको छ।

नेपालमा कर्पोरेट क्षेत्रको विकास कम्पनी ऐन, १९९२ जारी भएपछि मात्र शुरु हुन थालेको देखिन्छ। हाल प्राइभेट लिमिटेड, पव्लिक लिमिटेड र मुनाफा वितरण नगर्ने कम्पनीको रूपमा कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता गर्ने प्रावधान रहेको छ। कम्पनी दर्ताका साथै शेयर पूँजी बढाउने र कम्पनीहरूको नाम परिवर्तन वा संशोधन गर्ने, प्रवन्धपत्र र नियमावलीमा अन्य संशोधन गर्न स्वीकृति दिने कार्य एवम् कम्पनीको नियमन कार्य समेत भईरहेको छ। नेपालमा हालसम्म ३,५१,४०७ वटा कम्पनी दर्ता भएका छन्।

देशमा औद्योगिक लगानीको वातावरणलाई सहज बनाउन, तीब्र औद्योगिकरण गर्न एवम् उत्पादन लागत न्यून गर्दै उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाउन नेपाल सरकारले विगत लामो समयदेखि औद्योगिक क्षेत्रहरूको विकास तथा सञ्चालन गर्दै आएको छ। पछिल्लो समयमा सरकारले विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम घोषणा तथा निर्माण गर्नुका साथै उद्योग तथा खानी क्षेत्रसम्मको पहुँचका लागि सडक तथा विद्युत ट्रान्समिसन लाईन र सवस्टेशन निर्माण कार्य समेत गर्दै आएको छ। हाल देशमा १० वटा औद्योगिक क्षेत्रहरू सञ्चालनमा रहेका छन् भने ७ वटा औद्योगिक क्षेत्र घोषणा गरी निर्माण कार्य अगाडि बढाईएको छ। यसैगरी निर्यातजन्य वस्तुको उत्पादन वृद्धि गर्दै निर्यात प्रबर्द्धन गर्न विशेष आर्थिक क्षेत्र स्थापना, सञ्चालन र व्यवस्थापन हुँदै आएको छ। हालसम्म भैरहवा र

सिमरा विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएका छन् भने पाँचखालको विशेष आर्थिक क्षेत्रमा जग्गा विकासको कार्य शुरू भएको छ।

स्थानीय स्रोत, साधन, कच्चापदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गर्न यस्ता उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जना गर्न छरिएर रहेका साना उद्योगहरूलाई एकीकृत र व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि औद्योगिक ग्राम स्थापना एवम् सञ्चालन गर्ने कार्य शुरुवात भएको छ। हालसम्म १२० वटा औद्योगिक ग्राम घोषणा भई पूर्वाधार निर्माणको क्रममा रहेका छन्।

स्वदेशमा उपलब्ध खनिज सम्पदाको अन्वेषण गरी खनिजजन्य उद्योगहरूको विकास गर्न एवम् भौगर्भिक अध्ययन, अनुसन्धान, भूकम्पीय अध्ययन जस्ता कार्यको उद्देश्य लिई नेपाल सरकारबाट बि. सं. २०३३ सालमा तत्कालीन खानी विभाग र भौगर्भिक सर्भेक्षण विभागलाई एकीकृत गरी खानी तथा भूगर्भ विभाग स्थापना भएको हो। यस विभाग मार्फत् खानी तथा खनिज पदार्थको अन्वेषण, ईजाजत, नियमन एवम् खनिजजन्य उद्योगको प्रवर्द्धन सम्बन्धी कार्य हुँदै आएको छ। त्यसैगरी विभागले भूविज्ञान सम्बन्धी अध्ययन अनुसन्धान, पेट्रोलियम अन्वेषण तथा प्रवर्द्धन र भूकम्प मापन तथा अनुसन्धान लगायतका क्षेत्रमा कार्य गरिरहेको छ। हालसम्म यस विभागबाट ४२७ कम्पनीलाई खनिज अन्वेषण अनुमति तथा १५८ कम्पनीलाई खानी उत्खनन् अनुमति प्रदान गरिएको छ। नेपालमा ४८,५७० वर्ग कि.मी.क्षेत्रफलमा मात्र खानी अन्वेषण तथा उत्खननको कार्य भएको छ।

कुनै पदार्थको गुणस्तर निर्धारण गर्ने र त्यस्ता पदार्थहरूमा गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने व्यवस्था गर्न र गुणस्तर सम्बन्धी क्रियाकलापमा बैज्ञानिक, औद्योगिक र कानूनी नापतौलको महत्वपूर्ण भूमिका रहेकोले यस क्षेत्रको सुदृढीकरण गर्न नेपाल गुणस्तर कार्यालयसँग नापतौल विभागलाई गाभी नेपाल गुणस्तर तथा नापतौल विभागको स्थापना बि. सं. २०४४ सालमा भएको हो। यस विभागबाट निर्धारित नेपाल गुणस्तर (Document Standard), गुणस्तर ईजाजतपत्र प्रदान (NS चिन्ह प्रदान), गुणस्तर प्रयोगशाला सञ्चालन, नापतौल सेवा तथा क्यालिब्रेसन सेवा सम्बन्धी कार्य हुँदै आएको छ। विभागबाट हालसम्म १,१०८ वटा निर्धारित नेपाल गुणस्तर (Document Standard) निर्धारण र ५२१ वटा उद्योगलाई नेपाल गुणस्तर प्रदान गरिएको छ।

## १.२ उद्योग क्षेत्रको हालको अवस्था

### १.२.१ उद्योग तथा कम्पनी प्रशासन

औद्योगिक व्यवसाय ऐन, २०७६ ले गरेको वर्गीकरण बमोजिमका उद्योगको प्रशासन तथा नियमन तीन तहका सरकारबाट हुदै आएको छ। उद्योग विभागले ५० करोड भन्दा बढी स्थिर पूँजि भएका ठूला

उद्योग, विदेशी लगानीका उद्योग, नेपालको संविधानको अनुसूची ५ मा उल्लेखित संघीय सरकारका एकल अधिकार अन्तरगतका कामसँग सम्बन्धित उद्योगहरूको दर्ता, नियमन र प्रशासन गर्ने गरेको छ। प्रदेश सरकारका निकायबाट मझौला, साना, लघु र घरेलु उद्योगहरूको दर्ता, नियमन र प्रशासन सम्बन्धी कार्य हुने गरेको छ भने स्थानीय तहबाट प्रदेशको औद्योगिक व्यवसाय ऐन वमोजिम उद्योग र व्यवसाय दर्ताको कार्य हुदै आएको छ।

हालसम्म उद्योग विभागमा ठूला उद्योग १,४९१, मझौला, २,१३९ र साना उद्योग ५,९६१ गरी जम्मा ९,५१९ उद्योग दर्ता भएका छन्। वैदेशिक लगानीतर्फ हालसम्म रु. ५ खर्ब २० अर्ब लगानीको प्रतिवद्धता सहित ६,३२६ परियोजनाहरूको लगानी स्वीकृति भएको छ। यसैगरी साविकमा दर्ता भई हस्तान्तरण भएका र प्रदेश तहमा दर्ता भएका लघु, घरेलु र साना उद्योग गरी आ.ब. २०७९/०८० को अन्त्यसम्ममा जम्मा ६,५८,८६२ उद्योगहरू दर्ता भएको देखिन्छ।

दर्ता भएका लघु, घरेलु तथा साना उद्योगलाई प्रविधि सहयोग गर्न र त्यस्ता उद्योगको क्षमता विकास गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले कार्य गरिरहेको छ। उद्यमशीलता विकास र स्टार्टअप प्रवर्द्धन गर्नको निम्ति औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट कार्य भईरहेको छ। प्रतिष्ठानबाट स्टार्टअपलाई प्रवर्द्धन गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुको साथै व्यवसायको प्रबर्द्धन गर्न व्यवसाय सम्बर्द्धन केन्द्र सञ्चालनमा ल्याईएको छ। आ.व. २०८०।८१ मा १८३ वटा उद्यमीले सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन् भने चालु आ.व.मा करिब १ अर्ब हाराहारीको स्टार्टअप कर्जा प्रवाह गर्ने लक्ष्यका साथ कार्य भईरहेको छ।

कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिस्ट्रार कार्यालयले कम्पनी दर्ता, अभिलेख र नियमन सम्बन्धी कार्य गरिरहेको छ। हालसम्म दर्ता भएका कुल कम्पनीको संख्या ३,३२,३९९ छ। जसमध्ये पब्लिक कम्पनी १,९९४, मुनाफा वितरण नगर्ने कम्पनी ५,५९५, प्राइभेट कम्पनी ३,२०,९८६ रहेका छन्। हालसम्म प्राइभेट कम्पनीमा शेयरधनी संख्या ७,०१,९३१ तथा पब्लिक कम्पनीमा शेयरधनी संख्या ४५,१६,०३६ रहेको छ भने मुनाफा वितरण नगर्ने कम्पनीका सदस्यहरू २४,२७४ रहेका छन्।

### १.२.२ औद्योगिक पूर्वाधार

औद्योगिक व्यवसाय ऐन, २०७६ ले औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर रहेको देशको कुनै भाग वा स्थानलाई मापदण्ड बनाई औद्योगिक ग्राम, औद्योगिक क्लस्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक कोरिडर घोषणा गर्ने र यस्ता क्षेत्रमा कानून बमोजिम अन्य उद्योगले पाउने सरह सेवा, सहुलियत र सुविधा दिने व्यवस्था गरेको छ।

हालसम्म १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा छन् भने ७ वटा औद्योगिक क्षेत्र घोषणा भई निर्माणको प्रक्रिया अगाडी बढाईएको छ। २०८१ असारसम्म सञ्चालनमा रहेका १० वटा औद्योगिक क्षेत्रभित्र

स्थापित ७०६ उद्योगमध्ये ६४२ उद्योग सञ्चालनमा रहेका छन् भने ४५ निर्माणाधिन र १९ बन्द अवस्थामा रहेका छन्। सञ्चालनमा रहेका उद्योगहरूवाट १८ हजार ३ सय ६६ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। औद्योगिक क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योगहरूबाट वार्षिक करिब २३ अर्वको योगदान रहेको छ।

निर्यात प्रवर्द्धनको माध्यमबाट मुलुकमा औद्योगिकीकरणको प्रकृया अघि बढाई आर्थिक विकासको गतिलाई तीव्रता दिनको लागि विशेष आर्थिक क्षेत्र स्थापना, सञ्चालन र व्यवस्थापन गर्न विशेष आर्थिक क्षेत्र ऐन,२०७३ कार्यान्वयनमा छ। विशेष आर्थिक क्षेत्रको व्यवस्थापन र सञ्चालन विशेष आर्थिक क्षेत्र प्राधिकरण मार्फत् पूर्वाधार संरचनाको निर्माण गर्ने, निर्माण भएका पूर्वाधारको रेखदेख गर्ने वा गराउने, बिशेष आर्थिक क्षेत्रको सञ्चालन र ब्यबस्थापन गर्ने, उद्योगहरूको अनुगमन वा नियमन गर्ने एवम् औद्योगिक विकासलाई प्रोत्साहन गर्ने कार्य भईरहेका छन्। भैरहवा र सिमरा (ब्लक ए) विशेष आर्थिक क्षेत्र सञ्चालनमा छन् भने पाँचखाल विशेष आर्थिक क्षेत्र निर्माणको चरणमा रहेको छ।

स्थानीय स्रोत साधन कच्चापदार्थ प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्ता उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन छरिएर रहेका साना उद्योगहरूलाई एकीकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि औद्योगिक ग्राम स्थापना र सञ्चालन गरिँदै आएको छ। हालसम्म १२० वटा औद्योगिक ग्राम घोषणा भएका मध्ये ३ वटा सञ्चालनमा आएका छन्।

### १.२.३ खानी तथा खनिज प्रवर्द्धन

स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्यबाट खनिजजन्य उद्योगहरूको विकास गरी औद्योगिक उत्पादन वृद्धि तथा आर्थिक विकास गर्ने साथै भौगर्भिक अध्ययन, अनुसन्धान, पेट्रोलियम अन्वेषण तथा प्रवर्द्धन र भूकम्पीय अध्ययनजस्ता कार्य खानी तथा भूगर्भ विभागले गरिरहेको छ। हालसम्म ४२७ खनिज अन्वेषण अनुमति प्रदान गरिएको छ भने १५८ खानी उत्खनन् अनुमति प्रदान गरिएको छ। खानी अन्वेषणको क्षेत्र ४८,५७० वर्ग मीटर रहेको छ। भूकम्पीय सूचना प्राप्त गर्न देशका विभिन्न स्थानहरूमा ४२ वटा भूकम्प मापन केन्द्र स्थापना गरी Real Time भूकम्प मापन कार्य भैरहेको छ। दैलेखमा पेट्रोलियम अन्वेषण अन्तर्गत ड्रिलिङ्ग कार्य निरन्तर रूपमा चलिरहेको छ। खानी तथा भूगर्भ विभागबाट थप अन्वेषण अनुमति प्रदानका लागि सूचना प्रकाशन गरी प्रस्तावको मूल्याङ्कन गर्ने चरणमा रहेको छ।

### १.२.४ गुणस्तर तथा नापतौल

कुनै पदार्थको गुणस्तर निर्धारण गर्ने र त्यस्ता पदार्थहरूमा गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने व्यवस्था गर्न र गुणस्तर सम्बन्धी क्रियाकलापमा बैज्ञानिक, औद्योगिक र कानूनी नापतौलको पनि भूमिका हुने भएकोले यस क्षेत्रको सुदृढीकरण गरी थप प्रभावकारी गराउने कार्य नेपाल गुणस्तर तथा नापतौल

विभागले गरिरहेको छ। विभागबाट हालसम्म १,१०८ निर्धारित नेपाल गुणस्तर (Document Standard) तयार भएका छन् भने ५२१ वटालाई गुणस्तर ईजाजतपत्र प्रदान (NS चिन्ह प्रदान) गरिएको छ। यसैगरी ४९,३८८ नापतौल सेवा प्रदान गरिएको छ। देशभर १२ वटा गुणस्तर प्रयोगशाला सञ्चालनमा रहेका छन्।

## १.३ उद्योग क्षेत्रको प्रमुख सवालहरू

(क) औद्योगिक लगानी तथा व्यवसायिक वातावरण सहज बनाउन सम्बन्धित कानुनमा समयसापेक्ष परिमार्जन गर्नु,

(ख) कानूनले सुनिश्चित गरेका छुट, सुबिधा तथा प्रोत्साहन उपलब्ध गराउनु,

(ग) उद्यमशिलता विकासको लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्नु,

(घ) औद्योगिक विकासका लागि अत्यावश्यक र गुणस्तरीय पूर्वाधारको विकास एवम् व्यवस्थापन गर्नु,

(ङ) उद्योगको लागि आवश्यक दक्ष एवम् अर्धदक्ष जनशक्ति उत्पादन गराउनु,

(च) उद्यमशीलता तथा स्टार्टअप उद्मम प्रवर्द्धन गर्नु,

(छ) लघु, घरेलु तथा साना उद्योगहरूलाई ज्ञान, सीप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्नु,

(ज) उत्पादित वस्तुको बजार प्रबर्द्धन गर्नु,

(झ) उत्पादन र बजार माग र आपूर्ति बीचमा सन्तुलन कायम गर्नु,

(ञ) उद्योगलाई प्रवाह गरिने सेवा एउटै स्थानबाट उपलब्ध गराउने गरी एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी एवम् अधिकारसम्पन्न बनाउनु,

(ट) अन्तरसरकार एवम् अन्तरनिकाय समन्वय गरी औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माण तथा सञ्चालन गर्नु,

(ठ) उपलब्ध खानी तथा खनिजजन्य पदार्थहरूको अन्वेषण तथा उत्खनन् गरी देशको आर्थिक विकासमा योगदान बढाउनु,

(ड) उत्पादित वस्तुको गुणस्तर मापदण्ड निर्धारण गरी निर्यात प्रवर्द्धन गर्नु,

(ढ) गुणस्तर तथा नापतौल सम्बन्धी सेवा प्रवाहलाई सहज बनाउनु,

(ण) अन्तर्राष्ट्रियस्तरको मान्यताप्राप्त प्रयोगशालाको सुविधा उपलब्ध गराउनु ।

## १.४ उद्योग क्षेत्रको सुधार कार्ययोजना

| क्र.सं | सुधारका क्षेत्र | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | अन्य सम्वद्ध निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १.१ | औद्योगिक तथा लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा कानुनको तर्जुमा र परिमार्जन | **नीति तथा कानुनको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने।**<br>(क) लघु, घरेलु तथा साना उद्योग नीति, २०८१<br>(ख) स्टार्टअप व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१<br>(ग) औद्योगिक ग्राम सञ्चालन कार्यविधि, २०८१<br>(घ) सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोग सम्बन्धी निर्देशिका, २०८१<br>(ङ) विजनेस इन्क्युवेशन सेन्टर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१<br>(च) औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि , २०८१<br>(छ) प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१<br>(ज) व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गर्ने।<br>(झ) पाँचखाल र सिमरा (ब्लक बी र सी विस्तार) विशेष आर्थिक क्षेत्र सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालनका लागि अनुमति दिने। | • मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• नेपाल कानून आयोग | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **नीति तथा कानुनको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने।**<br>(क) औद्योगिक नीति, २०८१<br>(ख) औद्योगिक बौद्धिक सम्पति विधेयक, २०८१<br>(ग) खानी तथा खनिज पदार्थ सम्बन्धी विधेयक, २०८१<br>(घ) औद्योगिक व्यवसाय नियमावली, २०७८ संशोधन<br>(ङ) खानी तथा खनिज पदार्थ नियमावली, २०५६ संशोधन<br>(च) नेपाल गुणस्तर (प्रमाण चिन्ह), नियमावली, २०४० संशोधन | • मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• नेपाल कानून आयोग | १ बर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **<u>औद्योगिक लगानी प्रवर्द्धन बोर्डबाट स्विकृत गरिने मापदण्ड</u>**<br>(क) कच्चा पदार्थ खपत सम्बन्धी मापदण्ड, २०८१<br>(ख) करार तथा उपकरारमा बस्तु उत्पादन सम्बन्धी मापदण्ड, २०८१<br>(ग) घरेलु मदिरा उत्पादन अनुमति तथा ब्राण्डिङ्ग सम्बन्धी मापदण्ड, २०८१<br>**<u>मन्त्रालयबाट स्वीकृत गरी कार्यान्वयन गरिने कार्यविधि</u>**<br>(क) बिजनेश ईन्कुबेसन सेन्टर सञ्चालन कार्यविधि, २०८१<br>(ख) स्टार्टअप उद्यम कर्जा कार्यविधि, २०८१<br>(ग) लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८१<br>(घ) औद्योगिक करिडरको मापदण्ड, २०८१ | • मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• नेपाल कानून आयोग | ३ महिना |
| १.२ | द्विपक्षीय लगानी सम्झौता (BIA) कार्यान्वयन | द्विपक्षीय लगानी सम्झौता (BIA) को स्वीकृत Framework अनुसार विभिन्न मुलुकहरूसँग सम्झौता गरी कार्यान्वयनमा लैजान सहजीकरण गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय, कुटनीतिक नियोग | निरन्तर |
| १.३ | औद्योगिक पूर्वाधार निर्माण तथा सञ्चालन | (क) दमक औद्योगिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी (PPP Model) को अवधारणा बमोजिम निर्माण एवम् सञ्चालन गर्न लिज प्रक्रिया सम्पन्न गर्ने । | • लगानी बोर्डको कार्यालय | • मन्त्रालय<br>• अर्थ मन्त्रालय | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ख) लक्ष्मीपुर औद्योगिक क्षेत्रको चार किल्ला एकिन गर्ने। | • औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • मन्त्रालय<br>• भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>• वन तथा वातावरण मन्त्रालय | ३ महिना |
| | | (ग) दैजी औद्योगिक क्षेत्रमा वातावरणीय अध्ययनको कार्य सम्पन्न गर्ने । | • औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • मन्त्रालय | १ वर्ष |
| | | (घ) नौबस्ता र मोतिपुर औद्योगिक क्षेत्रको जग्गा विकासको कार्य शुरू गर्ने ।<br>(ङ) शक्तिखोर, मयुरधाप औद्योगिक क्षेत्रको रूख छपान र नम्बरिङ्ग कार्य अगाडी बढाउने । | • औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | • मन्त्रालय | १ वर्ष |
| | | (च) पाँचखाल र सिमरा (ब्लक बी र सी) विस्तार विशेष आर्थिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारीबाट सञ्चालन गर्न लिजमा दिने गरी प्रस्ताव अघि बढाउने। | • मन्त्रालय,<br>• विशेष आर्थिक क्षेत्र प्राधिकरण | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• कानून न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय | ३ महिना भित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| १.४ | रूग्ण उद्योग सम्बन्धी अध्ययन तथा सुविधा सिफारिस सम्बन्धी | (क) निजी क्षेत्रमा रूग्ण अवस्थामा रहेका उद्योगहरूलाई रुग्ण घोषणा गरी सुविधा दिने प्रयोजनका लागि अध्ययन कार्यदल गठन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने<br>(ख) प्राप्त निवेदन अध्ययन गरी प्रतिवेदन तयारी गर्ने। | • मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• अर्थ मन्त्रालय<br>• FNCCI<br>• CNI<br>• FNCSI<br>• FWEAN | १ वर्ष |
| १.५ | बन्द तथा रुग्ण सार्वजनिक संस्थानको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्य | बन्द/रुग्ण सार्वजनिक संस्थानको सञ्चालन मोडालिटी तय भए पश्चात् कार्यान्वयन प्रकृया अघि बढाउने। | • निजीकरण समिति, अर्थ मन्त्रालय,<br>• मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• सम्बन्धित संस्थानको सञ्चालक समिति | १ वर्ष |
| १.६ | प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन | (क) नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधिको मस्यौदा नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने<br>(ख) स्वीकृत कार्यविधी बमोजिम कार्यक्रम सञ्चालन गर्ने | • मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• अर्थ मन्त्रालय,<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ महिना भित्र/ निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| १.७ | स्टार्टअप अभियान मार्फत उद्यम प्रवर्द्धन | (क) ५०० युवा उद्यमीलाई स्टार्टअप कर्जा प्रवाह गरिने,<br>(ख) सातै प्रदेशमा Business Incubation Centre सञ्चालन गरिने | • औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | • मन्त्रालय<br>• लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र<br>• राष्ट्रिय वाणिज्य बैंक<br>• निजीक्षेत्रसँग सम्वद्ध प्रतिनिधिमूलक संघ/संस्थाहरू | १ वर्ष |
| १.८ | पेट्रोलियम अन्वेषण तथा प्रवर्द्धन गर्ने र खानी तथा खनिज उद्योग प्रवर्द्धन | (क) दैलेखमा भईरहेको पेट्रोलियमको ड्रिलिङ्ग कार्य सम्पन्न गर्ने। | • खानी तथा भूगर्भ विभाग | • मन्त्रालय | ३ महिना |
| | | (ख) धौवादी फलाम खानीको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने।<br>(ग) पेट्रोलियम अन्वेषणका बाँकी ब्लकहरूमा अन्वेषणका कार्य गर्ने।<br>(घ) चुनढुंगा, डोलोमाइट, काओलिन, फोस्फराइट, फलाम खनिजको अन्वेषण कार्य ५ स्थानमा सम्पन्न गर्ने।<br>(ङ) चुनढुंगा, फलाम, तामा आदि गरी ६ वटा खनिज क्षेत्रको उत्खननको लागि अनुमति दिने। | • खानी तथा भूगर्भ विभाग | • मन्त्रालय | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| १.९ | आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनका लागि थप औद्योगिक वस्तुहरूको गुणस्तर निर्धारण | (क) ह्युमपाइप सम्बन्धी गुणस्तर निर्धारण गर्ने। | • गुणस्तर तथा नापतौल विभाग | • मन्त्रालय | ३ महिना |
| | | (ख) नेपाल गुणस्तर परिषद्बाट ४० वटा नेपाल गुणस्तर स्वीकृत गर्ने।<br>(ग) ५ औद्योगिक वस्तुको गुणस्तर निर्धारण र परीक्षण विधि तर्जुमा र स्वीकृत गर्ने।<br>(घ) अक्सिजन, हाईड्रोजन, नाईट्रोजन ग्यासको सिलिण्डरमा लगाईने रङ सम्बन्धी मापदण्ड तयार गर्ने। | • गुणस्तर तथा नापतौल विभाग | • मन्त्रालय | १ बर्ष |
| १.१० | नेपाल एक्रिडेसन सेन्टर स्थापना र सञ्चालन | (क) प्रत्यायन सम्बन्धी प्राविधिक समिति गठन गर्ने।<br>(ख) नेपाल एक्रिडेसन सेन्टर सञ्चालनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने । | • मन्त्रालय,<br>• नेपाल प्रत्यायन केन्द्र | • मन्त्रिपरिषद्<br>• कानून न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय | ३ महिना |
| | | (ग) प्रत्यायन नियमावली तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने | • मन्त्रालय | • मन्त्रिपरिषद्<br>• कानून न्याय तथा संसदीय | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय | |
| १.११ | मन्त्रालय तथा मातहतका निकायबाट प्रवाह हुने सेवाको सरलीकरण | (क) उद्योग विभाग र कम्पनी रजिस्ट्रारको कार्यालयमा स्वचालित प्रणाली कार्यान्वयनमा ल्याउने।<br>(ख) एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने निकायहरूलाई अधिकार प्रत्यायोजन मार्फत प्रभावकारी बनाउने | • उद्योग विभाग<br>• वाणिज्य तथा आपूर्ति तथा उपभोक्ता संरक्षणविभाग<br>• कम्पनी रजिस्ट्रारको कार्यालय, | • मन्त्रालय | ३ महिना |
| १.१२ | उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका विविध विषयमा तीन तहका सरकारवीच समन्वय तथा सहजीकरण | (क) तीनै तहका सरकारवीच उद्योग क्षेत्रका विषयमा समन्वय र सहकार्य गर्न विषयगत समितिको वैठक आयोजना गर्ने,<br>(ख) प्रदेश सरकारका उद्योग हेर्ने सचिवहरूसंग वैठक आयोजना गर्ने,<br>(ग) व्यवसाय दर्ता, शुल्क तथा उद्योग प्रशासन सम्बन्धी विषयमा सहजीकरण गर्ने,<br>(घ) प्रदेशमा उद्योग दर्ता गर्ने निकायको संस्थागत क्षमता विकासका लागि ज्ञान हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने,<br>(ङ) सबै प्रदेश र मातहतमा दर्ता हुने उद्योगको एकीकृत औद्योगिक तथ्यांक प्रणालीको विकास गरी प्रकाशन गर्ने। | • मन्त्रालय<br>• उद्योग विभाग, | • उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३महिना/ निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१३ | वातावरणमैत्री औद्योगिक विकास | (क) उद्योग तथा खानीसँग सम्बन्धित प्रारम्भिक वातावरणीय प्रभाव परीक्षणको कार्य सम्पन्न गर्ने | • उद्योग विभाग,<br>• खानी तथा भूगर्भ विभाग | • मन्त्रालय | ३ महिना/ निरन्तर |
| | | (ख) उद्योग सिर्जित प्रदुषण नियन्त्रण गर्न अनुगमन गर्ने | • उद्योग विभाग,<br>• खानी तथा भूगर्भ विभाग | • मन्त्रालय | निरन्तर |
| | | (ग) उद्योगहरूमा उर्जाको खपत बढाउने तथा हरित उर्जा प्रवर्द्धन र उत्पादनका लागि मापदण्ड तय गरी कार्यान्वयन गर्ने। | • मन्त्रालय | • उद्योग विभाग,<br>• खानी तथा भूगर्भ विभाग<br>• वातावरण विभाग | १ वर्ष |
| | | (घ) उत्पादकत्व गुरुयोजना (Productivity Master Plan) तयार गरी कार्यान्वयनमा ल्याउने। | • मन्त्रालय | • NPEDC<br>• IDML<br>• SEZA | १ वर्ष/निरन्तर |
| १.१४ | उद्योग क्षेत्रमा नयाँ अन्वेषण, प्रविधिको विकास तथा हस्तन्तरण, बौद्धिक | (क) लघु, घरेलु तथा साना उद्योगमा प्रविधि सहयोग गर्ने,<br>(ख) बौद्धिक सम्पत्ति संरक्षणका लागि प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,<br>(ग) नव प्रवर्तन तथा प्रविधि विकास सम्बन्धी अध्ययन अनुसन्धान गर्ने। | • मन्त्रालय,<br>• उद्योग विभाग,<br>• लघु घरेलु तथा साना उद्योग प्रबर्द्धन केन्द्र | • विश्वविद्यालय<br>• अनुसन्धान केन्द्र<br>• निजी क्षेत्र | १ वर्ष/ निरन्तर |


| | | | | | |
|---|---|---|---|---|---|
| | सम्पत्ति र उद्यमशिलता सम्बन्धी अध्ययन अनुसन्धान | (घ) औद्योगिक क्षेत्रमा Industrial IOT, Automation लगायतका Disruptive प्रविधि प्रयोग सम्बन्धी अध्ययन गर्ने।<br>(ङ) उद्योग र प्राज्ञिक क्षेत्रबीचमा सहकार्य बढाउन विश्वविद्यालयहरूसँग सहकार्य गर्ने। | | | |

# २. वाणिज्य क्षेत्र

## २.१ नेपालको वैदेशिक व्यापारको परिदृश्य

अन्तर्राष्ट्रिय बजार पहुँच सूचकाङ्कमा नेपाल शीर्ष स्थानमा रहेतापनि नेपालको वैदेशिक व्यापारको स्थिति भने ज्यादै कमजोर रहेको छ। सन् २०२२ मा विश्वको कुल निर्यात व्यापारमा नेपाल १५५ औं स्थानमा रहेको छ। साथै, विश्वको कुल निर्यातमा नेपालको हिस्सा ०.००५ प्रतिशत तथा कुल आयातमा ०.०५५ प्रतिशत रहेको छ ।

विगत २० वर्षमा नेपालको वैदेशिक व्यापार संरचनामा ठूलो परिवर्तन आएको छ। आ.व. २०६०/६१ मा कुल वैदेशिक व्यापार रू. १ खर्ब ९० अर्ब रहेकोमा आ.व. २०८०/८१ मा रू. १७ खर्ब ४५ अर्ब पुगेको छ। यस अवधिमा आयात ११.७ गुणाले वृद्धि भई रू. १ खर्ब ३६.३ अर्बबाट रू. १५ खर्ब ९३ अर्ब पुगेको छ। निर्यात २.८ गुणाले वृद्धि भई रू. ५३.९ अर्ब बाट रू. १ खर्ब ५२ अर्ब पुगेको छ। यस अवधिमा कुल व्यापारमा निर्यातको हिस्सा २८.३ प्रतिशतबाट ८.७३ प्रतिशतमा खुम्चिएको छ।




आ.व. २०८०/८१ को तथ्याङ्क अनुसार निर्यात १.२ प्रतिशतले कमी आई रू १ खर्ब ५९ अर्बमा सिमित भएको छ। त्यसैगरी आयातमा समेत ३ प्रतिशत संकुचन आई रू १५ खर्ब ९३ अर्ब रहेको छ। आयात-निर्यात अनुपात १:१०.५ रहेको छ भने व्यापार घाटा १४ खर्ब ४१अर्ब (जिडिपिको अनुपातमा) रहेको छ।

**आ.व. २०८०/८१ को व्यापारको स्थिति (रू अर्ब)**

| | २०७९/८० | २०८०/८१ | परिवर्तन (%) |
|---|---|---|---|
| आयात | १६,११.७३ | १५,९२.९८ | -१.१६ |
| निर्यात | १,५७.१४ | १,५२.३८ | -३.०३ |
| व्यापार सन्तुलन | -१४,५४.५९ | -१४,४०.६० | -०.९६ |

*स्रोतः भन्सार विभाग।*

आ.व. २०८०/८१ को तथ्यांक अनुसार नेपालका प्रमुख व्यापार साझेदार मुलुकहरूमा भारत, चीन, संयुक्त अरब इमिरेट्स, संयुक्त राज्य अमेरिका, युक्रेन, मलेसिया, अस्ट्रेलिया लगायतका मुलुक रहेका छन्। यसैगरी प्रमुख निर्यात बजारमा भारत, संयुक्त राज्य अमेरिका, चीन, जर्मनी, अस्ट्रेलिया, फ्रान्स प्रमुख रहेका छन् । डेनमार्क बाहेक अन्य प्रमुख मुलुकसँगको व्यापार घाटामा रहेको छ। खासगरी भारत र चीनसँगको व्यापार घाटा ज्यादै उच्च रहेको छ।

**आ.व. २०७९/८० मा नेपालको मुख्य १० देशगत व्यापारको स्थिति (रू अर्ब)**

| क्र.सं. | मुलुक | आयात | निर्यात | व्यापार सन्तुलन |
|---|---|---|---|---|
| १ | भारत | ९,९६.६८ | १,०३.१७ | -८,९३.५० |
| २ | चीन | २,९८.७७ | २.५९ | -२,९६.१८ |
| ३ | संयुक्त राज्य अमेरिका | १९.४८ | १७.३१ | -२.१७ |
| ४ | संयुक्त अरब इमिरेटस | २९.०८ | २.५८ | -२६.५० |
| ५ | युक्रेन | १८.८८ | ०.०००५८ | -१८.८८ |
| ६ | मलेसिया | १७.९१ | ०.२४ | -१७.६७ |
| ७ | अष्ट्रेलिया | १५.३९ | १.८२ | -१३.५७ |
| ८ | फ्रान्स | १३.७७ | २.०५ | -११.७२ |
| ९ | अर्जेन्टिना | १२.३८ | ०.००१८ | -१२.३७ |
| १० | जर्मनी | ७.९१ | ४.४५ | -३.४६ |
| | अन्य मुलुक | १,७०.६२ | २२.२३ | -१४८.३९ |
| | **कुल** | १५,९३ | १,५२ | -१४,४१ |

*स्रोतः भन्सार विभाग।*

नेपालको व्यापार भारत केन्द्रित रहेको छ। कुल निर्यातमा भारततर्फको निर्यातको हिस्सा दुई तिहाई भन्दा बढी रहेको छ भने आयातको हिस्सा ६२.६ प्रतिशत रहेको छ।

निर्यातमा ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, अलैंची, जुस, चिया, अदुवा, जुट, धागो, ऊनी/पस्मिना सल, हस्तकलाका सामान, जडीबुटी, अर्घेलीको बोक्रा, रोजिन एन्ड रोजिन एसिड, पास्ता (चाउचाउ), जुत्ता-चप्पल लगायतका वस्तु समेत रहेका छन् । पछिल्लो वर्षहरूमा कफी, कुकुर र बिरालोको आहार, फलाम र स्टिलका सामान, प्लाई उड नेपाली हाते कागज लगायतका वस्तुको निर्यात बढेको छ। पछिल्ला केही वर्षमा सोयाबिन तेल, पाम तेल लगायतका आयातित कच्चा पदार्थ र न्यून मूल्य अभिवृद्धिका वस्तुको समेत बाहुल्यता रहेको थियो।

## २.२ द्विपक्षीय व्यापार

### २.२.१ भारत

भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार हो। आ.व. २०८०/८१ मा नेपालको कुल निर्यातमा भारतको अंश ६७.९ प्रतिशत तथा आयातमा ६२.६ प्रतिशत रहेको छ। दुई मुलुकबीचको आयात निर्यात अनुपात १:९.७ रहेको छ। पछिल्लो पटक सन् २००९ मा दुई मुलुक बीच व्यापार सन्धि तथा सोको प्रोटोकलमा हस्ताक्षर भएको छ। सो सन्धिमा २७ द्विपक्षीय व्यापार नाकाहरूबाट व्यापार गर्न सहमति भएको छ। दुई देशको सिमातर्फ बिराटनगर, बिरगञ्ज र नेपालगञ्जमा एकीकृत जाँच चौकी रहेका छन् भने काँकडभिट्टा, विराटनगर, वीरगन्ज र भैरहवामा सुक्खा बन्दरगाह सञ्चालनमा रहेका छन्। भैरहवा र दोधारा-चाँदनीमा एकीकृत जाँच चौकी निर्माणको चरणमा रहेको छ। त्यसैगरी दुई मुलुकबीच सन् २०२३ मा पारवहन सन्धि र सोको प्रोटोकलमा हस्ताक्षर भएको छ। दुई देशका वाणिज्य सचिवस्तरमा अन्तर सरकारी समिति (IGC) र सहसचिव स्तरमा अन्तर सरकारी उप-समिति (IGSC) क्रियाशील रहेका छन्।

नेपाली Yarn, Textile, Plywood, Cement, Milk मा वस्तु विशेष प्राविधिक मापदण्ड, जुटमा लगाइएको एण्टि डम्पिङ शुल्क, निर्यात हुने औषधीको Quality Certificate प्राप्तिमा ढिलाई, फलफूल, तरकारी तथा जडिबुटी निर्यातमा Sanitary तथा Phyto-sanitary (SPS), जटामसी, साल र स्कुस भारतीय बजारमा प्रवेश गर्न प्रकृयागत तथा SPS समस्या, नेपाली जुत्ता चप्पल निर्यातको लागि भारतले लगाएको मापदण्ड (IS mark) प्राप्त गर्न कठिनाई लगायतका गैर भन्सारजन्य अवरोध रहेका छन्। साथै भारतमा चिया निर्यातमा समय समयमा नयाँ मापदण्ड तोकिएकोले निर्यातमा अवरोध हुने गरेको छ। एक अर्काको Sanitary तथा Technical standards लाई पहिचान गर्ने, नेपाली प्रयोगशालालाई प्रत्यायन गर्ने (accreditation) र नेपाली प्रयोगशालाबाट जारी भएका प्रमाणपत्रलाई मान्यता दिने लगायतका परस्पर पहिचान सम्झौतालाई प्रभावकारी बनाउने सवाल समेत रहेको छ। नेपालको क्षेत्रीय व्यापार विस्तार तथा मूल्य अभिवृद्धि श्रृंखलामा आवद्धता वृद्धि गर्नु र कतिपय वस्तु छरिएर उत्पादन हुने हुँदा तिनको संकलन, भण्डारण, ग्रेडिङ,

प्राथमिक प्रशोधन, उपयुक्त भण्डारण र बजारसम्मको ढुवानी व्यवस्था कमजोर हुनु समेत सवालका रूपमा रहेका छन्। त्यसैगरी सीमा नाकामा निर्माणाधीन व्यापारजन्य पूर्वाधार समयमै सम्पन्न गर्नुपर्ने छ।

नेपाल भारत पारवहन सम्झौता अनुसार दुई मुलुकबीच विभिन्न १९ स्थलमार्ग प्रयोग गर्नसक्ने सहमति भएको छ। तथापि कोलकता विमानस्थलमा आउने एयर कार्गो पारवहन मार्ग हुँदै ल्याउने तथा पारवहन मार्गमा समस्या वा अवरोध भएमा वैकल्पिक बाटो प्रयोग गर्न सकिने व्यवस्था तथा झारखण्ड र बिहार हुँदै आउँदा यी राज्यहरूको पुल तथा राजमार्ग मार्फत आवतजावत गर्दा लगाएका कन्टेनरको उचाई सम्बन्धी समस्या रहेको छ। कार्गोको लागि ६ वटा रेल रुटहरू समेतमा सहमति भएको छ। तर बल्क कार्गो ल्याउन मिल्ने गरी ३ वटा रूट मात्र तोकिएको छ। यी वियमा Letter of Exchange (LoE) को लागि भारत सरकारलाई अनुरोध गरिएको छ।

### २.२.२ चीन

चीन नेपालको दोस्रो ठूलो व्यापार साझेदार हो। पछिल्लो दशकमा चिनिया वस्तुको नेपालमा आयात उल्लेख्य रूपमा बढेको छ। नेपालको निर्यात भने विगत लामो समयदेखि नै स्थिर रहेको छ। आ.व. २०८०/८१मा नेपालको कुल निर्यातमा चीनको अंश १.७ प्रतिशत तथा आयातमा १८.८ प्रतिशत रहेको छ। दुई मुलुकबीचको आयात निर्यात अनुपात १:११५.४ रहेको छ। दुई मुलुकबीच व्यापार तथा भुक्तानी सम्झौता १९८१ लगायत विभिन्न ७ वटा व्यापार सम्बद्ध सम्झौता रहेका छन्। त्यसैगरी दुई मुलुकबीच सन् २०१६ मा पारवहन सम्झौता र २०१९ मा सोको प्रोटोकलमा हस्ताक्षर भएको छ। दुई देश बीच संयुक्त व्यापार कार्यदल, संयुक्त परामर्श संयन्त्र, संयुक्त परामर्श उपसमिति, सीमा व्यापार समन्वय तथा सहजीकरण संयन्त्र, नेपाल-चीनको तिब्बत व्यापार सहजीकरण समिति लगायतका संयन्त्र क्रियाशील रहेका छन्।

चीनसँग सम्बन्धित व्यापार सम्बद्ध मुख्य सवाल देहाय अनुसार रहेका छन्।

(क) व्यापार सम्बद्ध सन्धि सम्झौताहरू समसामयिक रुपमा पुनरावलोकन गर्नु
(ख) उपलब्ध सौविध्यपूर्ण बजार पहुँचको अपेक्षित लाभ लिनु
(ग) नेपाली वस्तुको बजार पहुँच अभिवृद्धि गर्न भन्सार तथा गैर भन्सारजन्य अवरोध न्यूनीकरण गर्नु
(घ) चीनसगँको पारवहन सम्झौतालाई कार्यान्वयनमा लैजानु
(ङ) रसुवाको टिमुरेमा निर्माणाधीन पूर्वाधार समयमै सम्पन्न गर्नु तथा मुस्ताङको कोरालामा पूर्वाधार निर्माण गर्न यथाशीघ्र निर्माण सम्झौता गर्नु
(च) चीनसँगको सीमामा रहेका द्विपक्षीय र अन्तर्राष्ट्रिय नाकाहरूमा पूर्वाधार विकास गर्नु
(छ) किमाथांका र हिल्सा नाकालाई राष्ट्रिय सडक संजालसँग जोड्नु

(ज) निर्यात व्यापारका लागि सबैभन्दा बढी वाणिज्य सम्बद्ध नियोग भएको मुलुक (हङकङ, ल्हासा ग्वान्जाओ, छेङ्गदु, बेइजिङ्ग) सँगको कार्यात्मक सम्बन्ध प्रभावकारी बनाई संस्थागत जवाफदेहिता प्रवर्द्धन गर्नु।

### २.२.३ बंगलादेश

दक्षिण एसियाली क्षेत्रमा बंगलादेश नेपालको एक प्रमुख व्यापार साझेदार हो। छोटो दूरीमा रहेको एवम् उदयीमान अर्थतन्त्र भएको बंगलादेशतर्फको निर्यात वृद्धिको प्रशस्त सम्भावना रहेतापनि नेपालको व्यापारमा बंगलादेशको हिस्सा १ प्रतिशत भन्दा कम रहेको छ। नेपाल र बंगलादेशबीच सन् १९७६ मा व्यापार तथा भुक्तानी सम्झौता र यसको प्रोटोकल एवम् पारवहन सम्झौता र यसको प्रोटोकलमा हस्ताक्षर भएको छ। दुई देशका वाणिज्य सचिवस्तरीय बैठक तथा सहसचिवस्तरमा Trade Negotiation Committee (TNC) रहेको छ।

लामो समयदेखि वार्ताको क्रममा रहेको दुई देशबीच सौविध्यपूर्ण व्यापार सम्झौता (Preferential Trade Agreement-PTA) सम्झौताले सिर्जना गर्न सक्ने अवसर र चुनौतीको पर्याप्त विश्लेषण सहित टुङ्गाउनु पर्ने देखिन्छ। बंगलादेशको पारवहन मार्ग तथा बन्दरगाहको प्रयोगको लागि बंगलादेशले BBIN-MVA अन्तर्गतका प्रोटोकल मार्फत प्रभावकारी रूपमा सम्बोधन हुने कुरामा जोड दिएको छ। सन् २०२६ मा अति कम विकसित मुलुकबाट हुने स्तरोन्नतिसँगै अल्प विकसित मुलुकको रूपमा प्राप्त गरेको शुन्य वा सहुलियतपूर्ण भन्सार महसुलयुक्त बजार पहुँच क्रमशः कम हुँदै जाने अवस्थामा द्विपक्षीय एवम् क्षेत्रीय सम्झौतामार्फत यस्तो बजार पहुँच वृद्धि गर्ने सम्बन्धमा मुलुकको स्पष्ट धारणा एवम् सरोकारवाला निकायबीच साझा बुझाई कायम गर्न आवश्यक देखिन्छ।

### २.२.४ भुटान

भुटान क्षेत्रीय व्यापारको एक साझेदार मुलुक हो। साफ्टा सदस्य मुलुक भुटानसँग नेपालको व्यापारमा हिस्सा ज्यादै न्यून भए तापनि घाटामा रहेको छ। द्विपक्षीय व्यापार सम्झौता सम्पन्न गर्ने सम्बन्धमा नेपाल र भुटानका वाणिज्य सहसचिवस्तरमा समय समयमा वार्ता हुँदै आएको छ। दुई मुलुकबीच केही वर्ष अघिदेखि व्यापार सम्झौता गर्ने विषयमा छलफल हुँदै आएको छ। ती वार्तामा व्यापार सम्झौताको मस्यौदाका प्रावधान तथा एक अर्को मुलुकले सौविध्यपूर्ण बजार पहुँचको सुविधा उपलब्ध गराउने वस्तुको सूची (Product List) लाई अन्तिम रूप दिने लगायतका विषय प्रमुख रूपमा छलफल हुँदै आएका छन्।

### २.२.५ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिका नेपालको एक प्रमुख व्यापार साझेदार मुलुक र नेपाली वस्तुको दोस्रो ठूलो निर्यात बजारको रूपमा रहँदै आएको छ। नेपाल र संयुक्त राज्य अमेरिकाबीच सन् २०११ अप्रिलमा व्यापार तथा लगानी खाका सम्झौता (Trade and Investment Framework Agreement-TIFA) मा हस्ताक्षर सम्पन्न भएको थियो। सो अनुसार TIFA सम्झौता अन्तर्गतको TIFA Council को बैठक नियमित रूपमा हुने गरेको छ। सन् २०१५ को विनाशकारी भूकम्पपश्चात नेपालको अर्थतन्त्रको पुनरूत्थानका लागि संयुक्त राज्य अमेरिकाले कार्यान्वयनमा ल्याएको नेपाल व्यापार प्राथमिकता कार्यक्रम (Nepal Trade Preference Program) सन् २०२५ पछि अन्त्य हुने भएकाले सोको अवधि थप एवम् सो अन्तर्गत नेपालबाट अमेरिकामा निर्यात भएका सम्भाव्य वस्तुको सूची थप गर्नुपर्ने आवश्यकता रहेको छ। सूचना प्रविधि, पर्यटन लगायतका प्राथमिकताका क्षेत्रमा अमेरिकी लगानी अभिवृद्धि गर्ने प्रचुर संभावना रहेको छ।

### २.२.६ युरोपेली मुलुक

युरोपियन युनियन सामन्यतया नेपालको तेस्रो ठूलो निर्यात बजार हो। युरोपियन युनियन (EU), टर्की र स्वीजरल्याण्डले GSP सुविधा अन्तर्गत EBA बाट शुन्य भन्सार महशुल दरमा नेपाली वस्तुलाई अति कम विकसित मुलुकको रूपमा युरोपेली बजार प्रवेश सुविधा दिएका छन्। तर यो सुविधा सन् २०२९ मा अन्त्य हुने भएकाले नेपालको निर्यात प्रभावित हुने देखिएको छ। त्यसैगरी बेलायतले Developing Countries Trading Scheme (DCTS) अन्तर्गत करिब ९९ प्रतिशत नेपाली उत्पादनलाई शुन्य भन्सार महसुल दरमा निर्यात सुविधा प्रदान गेरको छ। सो सुविधा उपयोग ज्यादै न्यून रहेकोले यस सम्बन्धी सचेतना, प्रचार प्रसार र क्षमता विकासको आवश्यकता रहेको छ।

नेपालले सन् १९६० को दशकदेखि सन् १९९२ सम्म संयुक्त अधिराज्य, युगोस्लाभिया, सोभियत युनियन, चेकोस्लाभिया, रोमानिया, बुल्गेरिया र पोल्याण्डसँग व्यापार सम्बन्धी सम्झौता गरेको छ। तर यी सम्झौताको आवश्यकता र औचित्यता सहित समसामयिक पुनरावलोकन हुन सकेको छैन। क्षेत्रीय रूपमा नेपाल र युरोपेली मुलुकबीच EU-Nepal Joint Commission रहेको छ। नेपालको विकाससिल मुलुकमा स्तरोन्नतिपश्चात युरोपेली युनियनको बजार पहुँचमा लाग्ने GSP+ सुविधाको लागि केही अन्तर्राष्ट्रिय महासन्धि, सन्धि, प्रोटोकलमा नेपालले हस्ताक्षर/अनुमोदन, आवश्यक तयारी, वार्ता, आवेदन लगायतका काम गर्नुपर्ने देखिन्छ। टर्किको बजारमा समेत EU को GSP सम्बन्धी प्रावधान रहेकोले सो अनुसार तयारी गर्नुपर्ने देखिन्छ।

### २.२.७ पूर्वी एसियाली मुलुक तथा अष्ट्रेलिया

पूर्वी एसियाली तथा प्रशान्त क्षेत्रका व्यापारिक साझेदार मुलुक खासगरी कोरिया र मंगोलिया लगायतका मुलुकसँग सन् १९७० र १९९० को दशकमा व्यापार सम्झौता गरेको भए तापनि प्रयोगका हिसाबले निष्क्रिय अवस्थामा रहेका छन्।

नेपालले सन् २०१८ मा म्यानमार, सन् २०१९ मा कम्बोडिया र सन् २०२४ मा अष्ट्रेलियासँग व्यापार तथा लगानी सम्झौता गरेको छ। तर सो अनुसारका संयन्त्र भने क्रियाशील हुन सकेका छैनन्। दक्षिण कोरिया र भियतनामसँग व्यापार तथा लगानी सम्झौता गर्ने कार्य अघि बढेको अवस्था छ। नेपालले सम्पन्न गरिसकेका TIFA तथा अन्य व्यापार र लगानी सम्बन्धी सम्झौताले सिर्जना गरेका सम्भावना र अवसरको पहिचान तथा अधिकतम उपयोग गर्ने रणनीति अवलम्बन गरिनुपर्छ। हाल छलफलको क्रममा रहेका सम्झौतालाई नेपालले बहुआयामिक पक्षमा लाभ लिन सक्ने गरी टुङ्गोमा पुऱ्याईनुपर्छ।

### २.२.८ मध्य एसिया तथा अफ्रिकी मुलुक

मध्य एसियाका युनाइटेड अरब इमिरेट्स, टर्की, साउदी अरेबिया, कतार, ओमान लगायतका मुलुक नेपालका प्रमुख व्यापार साझेदारका रूपमा रहेका छन्। पछिल्ला वर्षमा यी मुलुकहरूबाट पेट्रोलियम पदार्थ, सुन लगायतका वस्तु नेपालमा उल्लेख्य आयात हुनेगरेको छ। अफ्रिकी महादेशका अधिकांश मुलुकसँग नेपालको व्यापार न्यून रहेको छ। अफ्रिकी मुलुकमध्ये सन् १९७५ मा इजिप्टसँग व्यापार सम्झौता सम्पन्न भएको थियो। खाडी मुलुकसँग व्यापार तथा लगानीको क्षेत्रमा सम्झौंता गरी निर्यात अभिवृद्धि र लगानी आप्रवाहको संभावना रहेको छ।

## २.३ क्षेत्रीय व्यापार

### २.३.१ सार्क क्षेत्रीय व्यापार सम्बन्धी सम्झौता

सार्क राष्ट्रहरू बीच आर्थिक सहयोग र व्यापार बढाउने उद्देश्यले दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्रको अवधारणा अघि बढाइएको थियो। सो अनुसार दक्षिण एसिसा स्वतन्त्र व्यापार सम्झौता (South Asian Free Trade Area SAFTA) सन् २००४ मा हस्ताक्षर भई जनवरी १, २००६ देखि लागु भएको थियो। यस सम्झौता अनुसार नेपालले साफ्टा मुलुकबाट आयातित वस्तुको भन्सार दर उल्लेख्य रूपमा घटाएको छ। साथै संवेदनशील वस्तुको सूची समेत दुई चरणमा घटाएको छ। तथापि साफ्टा मन्त्रीस्तरीय बैठक सन् २०१३ मा र साफ्टा विज्ञ समूह लगायतका साफ्टा सम्बन्धी संयन्त्र विगत १० वर्षदेखि क्रियाशील हुन सकेका छैनन्।

सेवा व्यापार अभिवृद्धि, अन्तर क्षेत्रीय लगानीको विस्तार तथा सेवाको उदारीकरण गर्ने उद्देश्य सहित सार्क सेवा व्यापार सम्बन्धी सम्झौता (SAARC Agreement on Trade in Services (SATIS) मा हस्ताक्षर भएको थियो।

**प्रमुख सवालहरू**

(क) साफ्टा र साटिस लगायतका सम्झौता अन्तर्गतका विभिन्न संयन्त्र/संस्था लामो समयसम्म क्रियाशील नहुनु,

(ख) नेपालको उत्पादनशील क्षमता कमजोर भएको कारण सार्क मुलुकमा साफ्टा सुविधा अन्तर्गत अपेक्षित रूपमा निर्यात नहुनु,

(ग) अधिकांश सदस्य मुलुकको संवेदनशील वस्तुको सूची लामो हुनु र अपेक्षित लाभ हासिल गर्न नसकिनु,

(घ) अतिकम विकसित तथा भूपरिवेष्ठित मुलुकको उच्च व्यापार लागत र न्यून प्रतिस्पर्धी क्षमता रहनु

(ङ) साफ्टा मुलुकले गैर भन्सार व्यापार महशुल (Para-tariff, ODC), गुणस्तर मापदण्ड लगायतका विभिन्न गैर भन्सार अवरोध कायम रहनु

(च) साफ्टा सुविधा अन्तरगर्त निर्यात तथ्याङ्कको अभाव रहनु

(छ) सदस्य मुलुकको व्यापार सहजीकरणको प्रयास कमजोर रहनु

(ज) क्षेत्रीय सेवा व्यापार ज्यादै कमजोर रहनु

(झ) विभिन्न क्षेत्रमा क्षेत्रीय लगानी कमजोर रहनु।

२.३.२ बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र

बिमस्टेक क्षेत्रको जनसंख्या १.८ अर्ब तथा कुल गार्हस्थ उत्पादन ५ खर्ब रहेको छ। यस क्षेत्रमा व्यापार, लगानी तथा पर्यटनको क्षेत्रमा सहकार्य अभिवृद्धि गर्न बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी फ्रेमवर्क सम्झौता (Framework Agreement on the BIMSTEC Free Trade Area-BIMSTEC FTA) मा सन् २००४ मा हस्ताक्षर सम्पन्न भएको थियो। सो फ्रेमवर्क सम्झौता पूर्ण रूपमा कार्यान्वयन गर्न वस्तु तथा सेवा व्यापार, व्यापार सहजीकरण, लगानी अभिवृद्धि, भन्सार सहजीकरण, विवाद समाधान लगायतका ७ वटा पुरक सम्झौतामा निरन्तर वार्ता तथा छलफल हुँदै आएको छ। यस सम्झौताबाट सौविध्यपूर्ण क्षेत्रीय बजारमा पहुँच, निर्यातको देशगत विविधीकरण, क्षेत्रीय मूल्य श्रृंखलामा नेपालको आवद्धता, व्यापार सहजीकरण, वैदेशिक लगानी अभिवृद्धि र पर्यटन क्षेत्रमा लाभ हुने अपेक्षा रहेको छ।

**प्रमुख सवालहरू**

(क) स्वतन्त्र व्यापार क्षेत्रमा आवद्धताको सम्बन्धमा सरोकारवाला मन्त्रालय/निकायबीच साझा धारणा कायम गर्नु,

(ख) नेपालको उत्पादनमूलक क्षेत्रको क्षमता र उत्पादकत्व अभिवृद्धि गर्नु,

(ग) भन्सारमा आधारित राजस्व प्रणालीमा भन्सार दरमा हुने कटौतीले पार्ने प्रभाव न्यूनीकरण गर्नु,

(घ) नेपाली उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु,

(ङ) उत्पादनको गुणस्तर एवम् स्वास्थ्यमा प्रभाव लाई सम्बोधन गर्न बनेका SPS/TBT सम्बन्धी मापदण्डको पालना गर्नु।

### २.३.३ बंगलादेश-भुटान-भारत-नेपाल सवारी साधन सम्झौता **(BBIN MVA)**

बंगलादेश-भुटान-भारत-नेपाल बीचको सवारी साधन सम्झौता (BBIN-MVA) मा नेपालले सन् २०१५ मा हस्ताक्षर गरेको र सन् २०१७ मा संसदबाट अनुमोदन गरेको थियो। यस उप-क्षेत्रीय सञ्जालले अन्तरदेशीय आवद्धता (Cross Border Connectivity) मा जोड दिएको छ। यस प्रकारको अन्तरआवद्धताले सदस्य मुलुकका यात्रुवाहक तथा कार्गोयुक्त सवारी साधनको आवागमन एक अर्को मुलुकमा सहज हुने अपेक्षा गरिएको छ। पक्ष राष्ट्रहरूबीचको अन्तरदेशीय व्यापार तथा पर्यटन लगायतका क्षेत्रमा लाभ सिर्जना हुने देखिन्छ। हाल भुटान यस सञ्जालको वार्ता तथा छलफलबाट बाहिरिएको अवस्था छ। यस सम्झौतालाई BBIN-MVA लाई कार्यान्वयनमा ल्याउन दुईवटा प्रोटोकल (Passenger Protocol र Cargo Protocol) तथा तीन मुलुकबीचको समझदारी पत्रलाई अन्तिम रूप प्रदान गर्न पक्ष राष्ट्रबीच निरन्तर वार्ता र छलफल हुँदै आएको छ।

व्यापारसँग प्रत्यक्ष सम्बन्धित Cargo Protocol सम्बन्धमा BBIN-MVA अन्तर्गत प्रयोग गर्न दिनेगरी नेपालले प्रस्ताव गर्ने रूटहरू, अरू सदस्य राष्ट्रले प्रस्ताव गरेका रूटको हकमा नेपालको धारणा र माग, प्रस्तावित रूट प्रयोग गर्न पाउने सवारी साधनको संख्या लगायतका विषयमा सरोकारवाला निकायको साझा बुझाई र धारणा कायम हुन आवश्यक देखिन्छ। नेपालको सडक पूर्वाधारको वर्तमान अवस्था, यातायात व्यवसायीको क्षमता, विभिन्न सीमा नाकाबाट हुने व्यापारको आयतन, भारत र बंगलादेशसँगको द्विपक्षीय व्यापार तथा ती मुलुकका भूमिको पारवहन सुविधामार्फत तेस्रो मुलुकसँगको व्यापार लगायतका पक्षलाई नेपालले केन्द्रमा राख्नुपर्ने देखिन्छ। Regional Road Connectivity मार्फत यस्तो लाभको सदस्य मुलुकबीच समन्यायिक वितरण हुने अवस्थाको सिर्जना गर्न वार्ता र छलफलको लागि मात्र नभइ BBIN-MVA कार्यान्वयनमा आएको अवस्थाको लागि मध्यमकालीन तथा दीर्घकालीन रणनीति तयार गर्नु जरूरी रहेको छ।

## २.४ व्यापार सहजीकरण तथा निर्यात प्रवर्द्धन

### २.४.१ व्यापार सहजीकरण

नेपाल विश्व व्यापार संगठनको Trade Facilitation Agreement को पक्ष राष्ट्र रहेको छ।सो अन्तर्गत माननीय मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय व्यापार समन्वय समिति रहेको छ। भन्सार विभाग अन्तर्गत Nepal National Single Window (NNSW) स्थापना भएको छ र सो प्रणाली अन्तर्गत आवद्ध ४८ वटा निकायमध्ये ३५ वटा निकायले यस प्रणालीलाई संञ्चालनमा ल्याएका छन्। उत्पत्तिको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम नेपाल उद्योग वाणिज्य महसंघ, नेपाल उद्योग परिसंघ, नेपाल च्याम्बर अफ कमर्श र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई उत्पत्तिको प्रमाण पत्र जारी गर्न अनुमति दिइएको छ।उत्पत्तिको प्रमाणपत्र जारी गर्ने विद्यमान कार्यविधि बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्न अनुमति प्राप्त संस्थाले अनुमति प्राप्त गरेको तीन महिनाभित्र अनलाईनको माध्यमबाट प्रमाण पत्र जारी गर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म पनि अनलाईनको माध्यमबाट उत्पत्तिको प्रमाण पत्र जारी गरेको अवस्था छैन।उद्योग विभाग अन्तर्गत रहने प्राविधिक समितिले गर्ने सौविध्यपूर्ण व्यापार सुविधा अन्तर्गत जारी हुने उत्पत्तिको प्रमाणपत्र सिफारिसहरूलाई समेत Nepal National Single Window (NNSW) मार्फत हुने गरी व्यवस्था हुन सकेको छैन।

**प्रमुख सवालहरू**

(क) व्यापार सहजीकरण सम्झौता अनुसारको निर्धारित समयसीमा भित्र निर्दिष्ट कार्य सम्पन्न गर्नु

(ख) भन्सार कार्यलय लगायत व्यापार सम्बन्ध निकायमा प्रकृयागत सरलीकरण सूचना व्यवस्थापन जोखिम व्यवस्थापन समन्वयलाई प्रभावकारी बनाउनु

(ग) व्यापार सहजीकरणमा सम्वद्ध निकायको संस्थागत सुदृढीकरण र क्षमता अभिबृद्धि गर्नु

(घ) अनलाईन प्रणालीमार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई कार्यान्वयन गर्नु।

### २.४.२ लजिष्टिक्स पूर्वाधार

ग्लोबल कम्पिटेटिभनेस इन्डेक्स २०१९ अनुसार १४१ राष्ट्रमध्ये नेपाल १०८ औं स्थानमा रहेको छ। विश्व बैङ्कबाट प्रकाशित सन् २०१२ देखि २०१८ सम्मको औसत लजिष्टिक्स परफर्मेन्स इन्डेक्समा पनि नेपाल १६७ राष्ट्रमध्ये १२१ औं स्थानमा रहेको छ।

व्यापार लजिष्टिक नीति, २०७९ नेपाल सरकारबाट स्वीकृत भएको एवम् यसको कार्ययोजना माननीय मन्त्रीबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। नेपाल सरकारका मूख्य सचिवको संयोजकत्वमा व्यापार लजिष्टिक नीति समन्वय समितिको पहिलो बैठक एवम् वाणिज्य सचिवको संयोजकत्वमा व्यापार लजिष्टिक्स नीति कार्यान्वयन समितिको दुई वटा बैठक सम्पन्न भएको छ। व्यापार लजिस्टिक्स नीतिको प्रभावकारी कार्यान्वयनको लागि लजिष्टिक्स पूर्वाधार, लजिष्टिक्स सेवा र लजिष्टिक्स सुशासन कार्यसमितिहरू गठन भएको छ।

मुलुकमा अहिले सात वटा सुक्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी सञ्चालनमा छन् । नेपाल-भारत सिमामा बिराटनगर, बिरगञ्ज र नेपालगन्जमा एकीकृत जाँच चौकी रहेका छन् भने काँकडभिट्टा, विराटनगर, वीरगन्ज र भैरहवामा सुक्खा बन्दरगाह सञ्चालनमा छन् । भैरहवा र दोधारा-चाँदनीमा एकीकृत जाँच चौकी निर्माणको चरणमा रहेको छ । चीनतर्फको नाकामा सिन्धुपाल्चोकको तातोपानी र रसुवाको टिमुरेमा सुख्खा बन्दरगाह रहेका छन् । टिमुरेको बन्दरगाह भने चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माणाधीन अवस्थामा रहेको छ । त्यसैगरी काठमाण्डौको चोभारमा सुख्खा बन्दरगाह निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। सबै भन्सार बिन्दुमा भन्सार स्वचालित प्रणाली लागू गरिएको छ साथै सबै किसिमका सेवा एकद्वार प्रणालीद्वारा प्रदान गर्ने कार्यमा प्रगति भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २६ वटा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले एसिया तथा युरोपका २३ गन्तव्यमा उडान भर्ने गरेका छन्। सो विमानस्थलमा आ.व. २०८०/८१ मा ११,९२४ टन आयात र ११,८७२ टन निर्यात गरी कुल २४,७९७ टन अन्तर्राष्ट्रिय कार्गो ह्यान्डल गरेको थियो। आ.व. २०८०/८१ मा निर्यात व्यापारको करिब २३ प्रतिशत हिस्सा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको रहेको छ। यस विमानस्थल प्रयोग गरेर हुने निर्यातको ६० प्रतिशत गलैंचा, तयारी पोशाक र पश्मिनाले ओगट्ने गरेको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल कार्गो ढुवानीको लागि उपयोग गर्न सकिने संभावित विमानस्थलको रुपमा रहेका छन्।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडले विभिन्न भन्सार बिन्दुमा गोदाम घरहरू सञ्चालन गर्दै आएको थियो। सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकी निर्माणपश्चात् परम्परागत रुपमा यसले गर्दै आएको कार्यलाई समयानुकुल परिमार्जन गर्दै प्रभावकारी रुपमा गोदाम सञ्चालन तथा व्यवस्थापन गरी अन्तर्राष्ट्रिय व्यापारको आपूर्ति श्रृखलासँग जोड्न सकिएको छैन। आलु, फलफूल, मरमसला, तरकारीजस्ता चाँडो नाश हुने कृषि उपजलाई भण्डारण गर्न मुलुकभर ५० वटा शीतभण्डार रहेका छन्।

आयात निर्यातको लागि ढुवानी सेवा प्रदायक रहेका छन् । सिपिंग एजेन्ट, लजिस्टिक सेवा प्रदायक, कार्गो एजेन्ट, भन्सार एजेन्टजस्ता निकायले व्यापार सहजीकरण गर्न सहयोग पुऱ्याउने गरेका छन् । तथापी, यस्ता

सेवा प्रदायकहरूको प्रभावकारी नियमन गर्न एकीकृत कानून र संरचनागत संयन्त्र नहुँदा व्यापार लजिष्टिक्स क्षेत्रमा सुशासन कायम हुन सकेको छैन ।

पर्याप्त र गुणस्तरीय व्यापार पूर्वाधार, अन्तरनिकाय तथा अन्तरदेशीय समन्वयको कमीका कारण व्यापार लागत उच्च हुन गई प्रतिस्पर्धात्मक क्षमता न्यून रहेको छ। पारवहन सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताबाट नेपाललाई प्राप्त लाभको पूर्ण उपयोग गर्न सकिएको छैन। पारवहन तथा गैर-यातायातजन्य व्यापार पूर्वाधार विकासमा आन्तरिक एवम् बाह्य निजी क्षेत्रको लगानी आकर्षण गर्न सकिएको छैन।

नेपालका मुख्य व्यापारिक साझेदार मुलुक भारत र चीनबीच खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्यका मापदण्डबीच सामञ्जस्य हुन नसकेको तथा दुई पक्षबीच भएका सम्झौता समेत कार्यान्वयनमा आएका छैनन्। व्यापार साझेदार मुलुकहरूले बस्तुको नयाँ नयाँ गुणस्तर मापदण्ड तथा स्वैच्छिक मापदण्ड कार्यान्वयनमा ल्याउँदा हाम्रो मौजुदा संस्थागत क्षमता तथा पूर्वाधारको सीमितताका कारण मापदण्ड परिपालनामा असहजता रहेको छ ।

कतिपय भारतीय र चिनियाँ आयातकर्ताले स्वैच्छिक मापदण्डलाई आधार बनाउने गरेका छन् र नेपाली निर्यातकर्ताले सो मापदण्ड पूरा गर्न नसक्दा वस्तु निर्यातमा समस्या परेको देखिन्छ। ससानो परिमाणमा उत्पादन भएका कृषि वा वनजन्य उत्पादनको संग्रह गरेर एकै किसिमको गुणस्तर कायम गर्न कठिनाई रहेको छ । त्यसैगरी व्यापार साझेदार मुलुकहरूले बस्तुको नयाँ नयाँ गुणस्तर मापदण्डहरू कार्यान्वयनमा ल्याउँदा हाम्रो मौजुदा संस्थागत क्षमता तथा पूर्वाधारको सीमितताका कारण मापदण्ड परिपालनामा असहजता रहेको छ।

**प्रमुख सवालहरू**

(क) व्यापार लजिस्टिक्स पूर्वाधारको रणनीतिक तथा एकीकृत विकास गर्नु
(ख) निर्माणाधीन ICP, ICD लाई समयमै सम्पन्न गर्नु
(ग) क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विमानस्थललाई कार्गो ढुवानीको रुपमा प्रयोगमा ल्याउनु
(घ) हुलाक सेवालाई आन्तरिक तथा अन्तराष्ट्रिय कार्गो सेवाको रुपमा प्रयोग गर्नु
(ङ) मान्यताप्राप्त प्रयोगशालाको विकास तथा सञ्चालन गर्नु
(च) गोदामघर निर्माण, सञ्चालन गर्नु
(छ) प्रयोगशाला (मान्यता प्राप्त) को गुणस्तर विकास, सुदृढीकरण गर्नु
(ज) Sanitary and Phytosanitary, व्यापारजन्य प्राविधिक अवरोध सम्बन्धी विषयमा क्षमता विकास तथा सचेतना बढाउनु

(झ) प्रमुख व्यपार साझेदार मुलुकसँग Mutual Recognition Agreement (MRA) गर्नु।

### २.४.३ निर्यात प्रवर्द्धन

नेपालको निर्यात प्रवर्द्धन गर्न वाणिज्य नीति, २०७२, नेपाल व्यापार एकीकृत रणनीति, २०८० तथा व्यापार घाटा न्यूनीकरण राष्ट्रिय कार्ययोजना २०७९ कार्यान्वयनमा रहेका छन्। विद्यमान नीति तथा रणनीतिले निर्यात सम्भावना भएका वस्तु तथा सेवाको पहिचान गरेका छन्। निर्यातमा नगद अनुदान तथा ड्यूटी ड्र ब्याक सुविधा मार्फत निर्यात प्रोत्सान गर्ने प्रयास भइरहेको छ। निर्यात प्रवर्द्धनको लागि निजी क्षेत्रहरूसँगको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेलाहरूमा सहभागिता हुने गरेको छ।

नेपालका मुख्य निर्यात सम्भाव्य वस्तुहरूको उत्पादनका लागि उद्यमशीलता विकास, सीप विकास तालिम सञ्चालन, बस्तु तथा बजार विविधिकरणका लागि प्राविधिक तथा सिपमूलक तालिम तथा तत्काल समस्या समाधानका लागि वस्तुगत संघ, महासंघसँग सहकार्य अपेक्षित रुपमा हुन सकेको छैन। उत्पादनदेखि बजारसम्म र समग्र आपूर्ति शृंखलामा (फार्मर टु फोर्क) लाई कार्यन्वयनमा लैजाने उपयुक्त नीति तथा संस्थागत संयन्त्र विकास गर्न सकिएको छैन।

**प्रमुख सवालहरू**

(क) देशगत विविधीकरण गरी सीमित मुलुकसँगको व्यापार निर्भरता कम गर्नु
(ख) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई संरचनागत रुपान्तरण मार्फत नीतिगत सुझाव दिन व्यापार इन्टेलिजेन्स इकाईको रुपमा विकास गर्नु
(ग) नेपाली वस्तुको अन्तर्राष्ट्रिय बजारमा पहिचान र पहुँचको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रियालाई सहज र पारदर्शी बनाउनु
(घ) निजी क्षेत्रसँगको सहकार्यमा सम्भाव्य निर्यात बजारमा नेपाली वस्तुको ट्रेडमार्क दर्ता गर्नु
(ङ) नेपाली वस्तुको अन्तर्राष्ट्रिय बजारमा पहुँच र पहिचानको लागि निजी क्षेत्रलाई मूल्य अभिबृद्धिको लागि प्रोत्साहन गर्नु
(च) निकासी पैठारी कानूनलाई सममायिक परिमार्जन गरी वैदेशिक व्यापारलाई व्यवस्थित तथा पारदर्शी बनाउनु

(छ) सेफगार्ड, एन्टीडम्पिङ, काउन्टरभेलिंग ऐनको पूर्ण परिपालनाको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको कार्यगत स्वायत्तता मार्फत संस्थागत क्षमता अभिवृद्धि गर्नु।

## २.५ बहुपक्षीय व्यापार तथा व्यापार सहायता क्षेत्र

### २.५.१ पृष्ठभूमि

नेपाल विश्व व्यापार संगठनको सदस्य मूलुक भएसँगै विश्व व्यापार संगठन र अन्य बहुपक्षीय व्यापार सम्बन्धी वार्ता, सन्धि, सम्झौता कार्यान्वयन गर्ने गराउने र सो मार्फत नेपालको बाणिज्य क्षेत्रको विकास गर्ने उद्देश्यले मन्त्रालयले नियमित रुपमा काम गरिरहेको छ। यस अन्तर्गत विश्व व्यापार संगठनसँगको समन्वय, प्रतिबद्धता कार्यान्वयन, अनुगमन लगायतका कार्यहरु भईरहेका छन्। त्यसैगरी संयुक्त राष्ट्र संघ र सो अन्तर्गतका संघसंस्थाहरु जस्तै United Nations Conference on Trade and Development (UNCTAD), International Trade Centre (ITC), International Telecommunication Union (ITU) लगायतका व्यापार सम्बद्ध अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसितको सम्पर्क, समन्वय लगायतका कार्यहरू मार्फत विश्व अर्थतन्त्रमा आफ्नो उपस्थिति प्रवर्द्धन गर्दै व्यापार, लगानी आकर्षित गर्ने प्रयत्न निरन्तर रुपमा भएको छ। विश्व व्यापार संगठनको सदस्यता लिने क्रममा जनाइएको प्रतिबद्धताहरु कार्यान्वयन गर्न विभिन्न ऐन कानूनहरूमा आवश्यकता अनुसार संशोधन तथा नयाँ कानून तर्जुमा सम्बन्धी कार्य गर्ने कार्य निरन्तर रुपमा भएको छ। हालको अवस्थामा विश्व व्यापार संगठनको सदस्यताबाट सिर्जित अवसरको उपयोग गर्दै वस्तु व्यापार, सेवा व्यापार तथा व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति लगायतमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

### २.५.२ प्रमुख सवालहरू

(क) विश्व व्यापार संगठनले उपलब्ध गराएका सुविधाहरुको उपभोग गर्दै अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्ने,

(ख) बहुपक्षीय व्यापार प्रबर्द्धन गर्न विद्यमान सन्धि,सम्झौंताको समयानुकुल परिमार्जन गर्ने,

(ग) संयुक्त राष्ट्र संघ र सो अन्तर्गतका संघसंस्थाहरु जस्तै UNCTAD, ITC, ITU लगायतका संस्थाहरूसंग सम्पर्क र समन्वयलाई सुदृढ बनाई व्यापार तथा लगानीको वातावारण सुधार गर्ने,

(घ) विश्व व्यापार संगठन तथा अन्य क्षेत्रीय/अन्तर्राष्ट्रिय फोरमहरुमा नेपालको प्रतिनिधित्व/सहभागितालाई प्रभावकारी बनाउन आर्थिक कुटनीतिको उपयोग गर्ने,

(ङ) विद्युतीय व्यापार (ई-कमर्श) सम्बन्धी  कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,

(च) विश्व बजारसँगको सम्पर्क र सञ्जाल विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापार विविधिकरण एवम् निर्यात प्रवर्द्धन गर्ने,

(छ) अति कम विकसित मुलुकको श्रेणीमा रहदा र सो पश्चात व्यापार र आर्थिक विकास सम्बन्धी अन्तर्राष्ट्रियस्तरमा पारित बहुपक्षीय नीति, रणनीति, लक्ष्य र सूचकका कार्ययोजना अनुकूल आफ्नो हित अभिवृद्धि गर्ने विषयमा निरन्तर वार्ता र क्षमता विकास गर्नु

(ज) व्यापार प्रवर्द्धनका लागि द्विपक्षीय, बहुपक्षीय सहायता परिचालन गरेर तुलनात्मक र प्रतिष्पर्धात्मक लाभ लिन नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्नु ।

(झ) विश्व व्यापार प्रणालीबाट प्राप्त अवसर प्रयोग गर्दै वस्तु व्यापार, सेवा व्यापार तथा व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी लाभ लिने।

## २.६ वाणिज्य क्षेत्रको सुधार कार्ययोजना

### (क) द्विपक्षीय व्यापार क्षेत्रको सुधार कार्ययोजना

| क्र.सं. | सुधारका क्षेत्र | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय निकाय | अन्य सम्बद्ध निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १ | द्विपक्षीय व्यापार सन्धि सम्झौता | (क) भारतसँगको व्यापार सन्धि पुनरावलोकन गर्न द्विपक्षीय वार्ता गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | ३ महिना/ निरन्तर |
| | | (ख) चीनसँगको व्यापार तथा भुक्तानी सम्झौता पुनरावलोकन गरी नयाँ सम्झौता सम्पन्न गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | १ वर्ष |
| | | (ग) बंगलादेशसँग सौविध्यपूर्ण व्यापार सम्झौता गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | १ वर्ष |
| | | (घ) भुटानसँग व्यापार सम्झौता गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | १ वर्ष |
| | | (ङ) दक्षिण कोरिया र भियतनामसँग व्यापार तथा लगानी फ्रेमवर्क सम्झौता गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय | १ वर्ष |
| २ | द्विपक्षीय पारवहन सन्धि सम्झौता | (क) भारतसँगको पारवहन सन्धिलाई समसामयिक संशोधन गर्न लेटर अफ | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय, | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | एक्चेन्जहरूलाई टुङ्गोमा पुऱ्याउन पहल गर्ने। | | • भारतस्थित नियोग | |
| | | (ख) चीनसगँको पारवहन सम्झौता बमोजिम प्रयोगमा रहेका र सम्भावित पारवहन मार्गको अध्ययन गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय, • चीनस्थित नियोगहरू | ३ महिना |
| ३ | द्विपक्षीय व्यापार सम्बन्धी संयन्त्रको बैठक एवम् वार्ता | (क) नेपाल भारत बीचका द्विपक्षीय व्यापार सम्बन्धी अन्तर सरकारी समिति **(IGC)** को बैठक गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय, भारतस्थित नियोगहरू | ३ महिना र निरन्तर |
| | | (ख) नेपाल चीन बीचका द्विपक्षीय व्यापार संयन्त्रको बैठक गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय र चीनस्थित नियोगहरू | ३ महिना र निरन्तर |
| | | (ग) नेपाल बंगलादेश बीचका द्विपक्षीय व्यापार संयन्त्रको बैठक गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय र ढाकास्थित नेपाली नियोग | १ वर्ष |
| | | (घ) अमेरिका र अष्ट्रेलियासँग व्यापार तथा लगानी सम्झौता परिषद्/समितिको बैठक सम्पन्न गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय, • परराष्ट्र मन्त्रालय • कृषि तथा पशुपंक्षी विकास लगायत | ३ महिना |

## (ख) क्षेत्रीय व्यापार क्षेत्रको सुधार कार्ययोजना

| क्र.सं. | सुधारका क्षेत्र | मुख्य कार्य | जिम्मेवार निकाय | अन्य सम्बद्ध निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | क्षेत्रीय व्यापार सम्बन्धी संयन्त्रको बैठक एवम् वार्ता | (क) **SAFTA** अन्तर्गतका संयन्त्रको बैठक आयोजना गर्ने/सहभागी हुने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | निरन्तर |
| | | (ख) बिमस्टेक व्यापार सम्झौता सम्बन्धी संयन्त्रको बैठकमा सहभागी हुने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय<br>• कृषि तथा पशुपंक्षी विकास लगायत | निरन्तर |
| | | (ग) बिमस्टेक व्यापार सम्बन्धी पुरक सम्झौताको मस्यौंदाउपर नेपालको तर्फबाट राय सुझाव उपलब्ध गराउने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय<br>• कृषि तथा पशुपंक्षी विकास | निरन्तर |
| | | (घ) **SASEC** सम्बन्धी संयन्त्रको बैठकमा सहभागी हुने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | निरन्तर |
| | | (ङ) **BBIN-MVA** अन्तर्गतका संयन्त्रको बैठकमा सहभागी हुने। | • मन्त्रालय | • भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | क्षेत्रीय व्यापार सम्बन्धी अध्ययन | (क) साफ्टाबाट नेपालको अर्थतन्त्रमा परेको प्रभाव सम्बन्धी अध्ययन गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | १ वर्ष |
| | | (ख) बिमस्टेक स्वतन्त्र व्यापार फ्रेमवर्क सम्झौताबाट पर्ने प्रभाव सम्बन्धी अध्ययन गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• परराष्ट्र मन्त्रालय | १ वर्ष |

## (ग) व्यापार सहजीकरण तथा निर्यात प्रवर्द्धन क्षेत्रको सुधार कार्ययोजना

| क.सं. | सुधारका क्षेत्रहरू | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | अन्य सम्वद्ध निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | व्यापारजन्य पूर्वाधार | (क) व्यापार लजिस्टिक्स गुरूयोजना तयार गर्ने। | • मन्त्रालय | • भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• सहरी विकास मन्त्रालय | १ वर्ष |
| | | (ख) निर्माणाधीन एकीकृत जाँच चौकी (भैरहवा) र सुक्खा बन्दरगाह (टिमुरे) निर्माण सम्पन्न गर्ने। | • नेपाल इन्टरमोडल यातायात विकास समिति | • मन्त्रालय | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) व्यापार लजिष्टिक्स सम्बन्धी विधेयकको मस्यौदा तयार गर्ने। | • मन्त्रालय | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्ष |
| | | (घ) अन्तर्राष्ट्रिय विमानस्थलहरूबाट कार्गो ढुवानीको व्यवस्था मिलाउन सम्भाव्यता अध्ययन गर्ने। | • मन्त्रालय | • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,<br>• नागरिक उड्डयन प्राधिकरण | १ वर्ष |
| २ | व्यापार सहजीकरण | निकासी पैठारी विधेयक मन्त्रिपरिषदमा पेश गर्ने। | • मन्त्रालय | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्ष |
| ३ | निर्यात प्रवर्द्धन | (क) कम्तिमा ३ देशसँगको निर्यात प्रवर्द्धन सम्बन्धी देशगत रणनीति तयार गर्ने। | • मन्त्रालय | • व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | निरन्तर |
| | | (ख) कम्तिमा ६ देशका गैर आवासीय नेपाली सम्बन्धित संस्थासँग निर्यात प्रवर्द्धन तथा विदेशी लगानी सम्बन्धमा भर्चुअल माध्यमद्वारा अन्तरक्रिया गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय<br>• गैर आवासीय नेपाली | १ वर्ष/ निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) विदेशस्थित नेपाली नियोगहरूसँग व्यापार तथा लगानीका सम्बन्धमा भर्चुअल माध्यमद्वारा नियमित छलफल गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय | प्रत्येक ३ महिनामा/ निरन्तर |
| | | (घ) कूटनीति नियोगलाई व्यापार तथा लगानी सम्बन्धी विषयमा सूचना सम्प्रेषण, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय | ६ महिना |
| | | (ङ) नेपालमा आयात हुने तथा नेपालबाट निर्यात हुने विशिष्ट र संवेदनशील वस्तुको आयात निर्यात व्यवस्थापन र नियमनका लागि लिनुपर्ने रणनीति पहिचान गर्न विस्तृत अध्ययन गर्ने। | • मन्त्रालय | • भन्सार विभाग,<br>• वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,<br>• उद्योग विभाग | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | व्यापार प्रवर्द्धनसँग सम्बन्धित निकायहरूको नीतिगत सुधार | व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र अन्तरगतका देहाय वमोजिमका नियमावली तथा कार्यविधि तर्जुमा गर्ने।<br>(क) कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी नियमावली<br>(ख) व्यापार मेला सञ्चालन अनुदान तथा सहयोग कार्यविधी<br>(ग) व्यापार तथा निकसी प्रवद्र्धन केन्द्रको कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधी<br>(घ) निकासीकर्ता दर्ता सम्बन्धी कार्यविधी<br>(ङ) निर्यात गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधी<br>(च) CIP छनोट तथा सम्मान सम्बन्धी कार्यविधी<br>(छ) सामुहिक सुविधा सम्पन्न केन्द्र सञ्चालन सम्बन्धी कार्यविधी | • व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र | • मन्त्रालय | १ वर्ष |
| ५. | व्यापारजन्य पूर्वाधार निर्माण | (क) दोधारा चाँदनी सुक्खा वन्दरगाह निर्माण सम्वन्धी वातावरणीय व्यवस्थापन योजना (**EMP)** स्वीकृत गर्ने।<br>(ख) दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्य प्रारम्भ गर्ने। | • नेपाल ईन्टरमोडल यातायात विकास समिति | • उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>• वन तथा वातावरण मन्त्रालय | १ वर्ष |
| ६. | कानूनी सुधार | बहुविधिक ढुवानी ऐन र नियमावली संशोधन र नेपाल बन्दरगाह प्राधिकरण मस्यौदा तयार गर्ने। | • मन्त्रालय | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• अर्थ मन्त्रालय | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | व्यापार प्रवर्द्धनसँग सम्बन्धित निकायहरूको संस्थागत सुधार | नेपाल ईन्टरमोडल यातायात विकास समिति, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको संस्थागत संरचना, कार्यक्षेत्र तथा संगठन तथा व्यवस्थापन पुनरावलोकन गर्ने। | • सम्बन्धित समिति, केन्द्र, कम्पनी | • मन्त्रालय,<br>• सञ्चालक समिति<br>• अर्थ मन्त्रालय | १ वर्ष |
| ८. | अन्तरिक व्यापार | (क) आन्तरिक व्यापार सहजीकरण र प्रबर्द्धन गर्न संभाव्यता अध्ययन गर्ने। | • मन्त्रालय | • वाणिज्य विभाग | १ वर्ष |
| | | (ख) अन्तर प्रदेश/स्थानीय तहवीच व्यापार प्रबर्द्धनका लागि क्षेत्र **(Scope)** पहिचान गर्न निजी क्षेत्रसँग सहकार्यमा प्रत्येक प्रदेशमा अन्तरक्रिया कार्यक्रम गर्ने। | • मन्त्रालय | • निजी क्षेत्र | १ वर्ष |

## (घ) बहुपक्षीय व्यापार तथा व्यापार सहायता क्षेत्रको सुधार कार्ययोजना

| क्र.सं. | सुधारको क्षेत्र | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | अन्य सम्वद्ध निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | नीति, कानूत तथा मापदण्डहरू तर्जुमाको कार्यान्वयन | (क) वाणिज्य नीति २०८१ को स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने। | • मन्त्रालय | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• अर्थ मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ महिना |
| | | (ख) विद्युतीय व्यापारसम्बन्धी विधेयकमा प्रतिनिधिसभाको समितिमा उठेका सवालहरूमा मन्त्रालयको तर्फबाट धारणा तयार गर्ने। | • मन्त्रालय | • उद्योग तथा बाणिज्य र उपभोक्ता हित संरक्षण समिति | ३ महिना |
| | | (ग) नेपाल अति कम विकसित मुलुकबाट विकासशिल मुलुकमा स्तरोन्नतिको लागि व्यापार रणनीति तयार गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• कानुन मन्त्रालय,<br>• कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १ बर्ष |
| २. | सम्झौता अनुमोदन | The WTO Agreement on Fisheries Subsidies अनुमोदन गर्न मन्त्रिपरिषद्मा स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने। | • मन्त्रालय | • संघीय संसद, प्र.म.कार्यालय, कृषि मन्त्रालय | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | नीति पुनरावलोकन | विश्व व्यापार संगठनको प्रावधान अनुसार नेपालको तेश्रो व्यापार सम्बद्ध नीति पुनरावलोकन सम्पन्न गर्न विभिन्न मन्त्रालय/निकायसँग सम्बन्धित तथ्याङ्क संकलन तथा विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन तयार गर्ने। | • मन्त्रालय | • व्यापार सम्बद्ध सम्पूर्ण निकायहरू,<br>• नेपालको स्थायी नियोग जेनेभा | ३ महिना |
| ४. | कार्यक्रम कार्यान्वयन | नेपाल एकीकृत व्यापार रणनीतिको कार्यक्रम स्वीकृति तथा बजेट राष्ट्रिय निर्देशक समितिको बैठकबाट बाँडफाँट गरी कार्यान्वयन गर्ने। | • मन्त्रालय | • सम्बन्धित मन्त्रालय/निकायहरू | १ बर्ष |
| ५. | निर्यात संभाव्य वस्तुको मूल्य श्रृंखला विकास | नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका उच्च परिमाणमा निर्यात हुने कम्तिमा पाँच वस्तुको मूल्य श्रृखला अध्ययन तथा विकाश गर्ने। | • मन्त्रालय | • सम्बन्धित सरकारी निकाय तथा सम्बन्धित वस्तुका वस्तुगत महासंघ | १ बर्ष |
| ६. | संयन्त्र स्थापना | व्यापारको क्रममा आइपर्ने व्यवधान हटाउन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा व्यापार सहजीकरण संयन्त्र स्थापना गर्ने। | • वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | • मन्त्रालय | ३ महिना |
| ७. | व्यापार सहजीकरण | राष्ट्रिय व्यापार सहजीकरण समितिको बैठक आयोजना गरी विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौताको कार्यान्वयन, आन्तरिक समन्वय तथा सहजीकरण गर्ने। | • मन्त्रालय | • सम्बन्धित मन्त्रालय/निकायहरू | ३ महिना |
| ८. | निर्यात प्रवर्धन | निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,उद्योग विभाग र नेपाल राष्ट्र बैंक | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | बजार पहुँच | युरोपियन मुलुकबाट स्तरोन्नति पश्चात The Generalized System of Preferences (GSP+) सुविधा प्राप्त गर्ने सम्बन्धमा पूर्वतयारी, वार्ता तथा समन्वय गर्ने। | • मन्त्रालय | • परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय | १ बर्ष |
| १०. | प्रतिवद्धता कार्यान्वयन | WTO मा पठाउनु पर्ने Notification सम्बन्धमा विषयगत मन्त्रालयहरूसँग समन्वय गर्ने। | • मन्त्रालय | • सम्बन्धित मन्त्रालय तथा निकायहरू | नियमित |
| ११. | क्षमता विकास | Sanitary and phytosanitary measures (SPS), Technical Barriers to Trade (TBT) र Trade-Related Aspects of Intellectual Property Rights (TRIPs) सम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न गर्ने। | • मन्त्रालय | • कृषि तथा पशुपन्छी विकास मन्त्रालय, <br>• खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, <br>• उद्योग विभाग, <br>• नेपाल गुणस्तर तथा नापतौल विभाग | १ बर्ष |

# ३. आपूर्ति क्षेत्र

## ३.१ पृष्ठभूमि

आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण अन्तर्गत उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन; उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफर स्टक); सार्वजनिक गोदाम तथा राष्ट्रियस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था; पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण; आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिण्डिकेट तथा कार्टेलिङको नियन्त्रण, बजार अनुगमन तथा उपभोक्ता संरक्षण लगायतका विषयमा मन्त्रालयले नीति तथा कानूनको निर्माण एवम् कार्यान्वयन गर्दै आएको छ। यी कार्यहरूका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल आयल निगम, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड क्रियाशिल रहेका छन्।

## ३.२ आपूर्ति क्षेत्रको वर्तमान अवस्था

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षणका सम्बन्धमा यस मन्त्रालय र अन्तर्गतका निकायहरूवाट हुने कामकारबाहीलाई व्यवस्थित गर्न आपूर्ति नीति, २०६९, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६, बजार अनुगमन निर्देशिका, २०७९, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, उपभोक्ता खाद्य अधिकार संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ तथा वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन) गर्ने ऐन, २०७४ प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, नेपाल एजेन्सी ऐन, २०१४ लगायतका नीतिगत तथा कानूनी व्यवस्थाहरू रहेका छन्।

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा १,५०,००० मेट्रिक टन खाद्यान्न भण्डारण क्षमता रहेको छ। नेपाल सरकारको नीति अनुरुप खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत् राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार मेट्रिक टन र सार्क खाद्य बैंकमा ८ हजार मेट्रिक टन गरी कुल ३३ हजार मेट्रिक टन खाद्यान्न मौज्दात राख्नुपर्ने व्यवस्था रहेको छ। नेपाल सरकारको ढुवानी अनुदानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत् २६ वटा दुर्गम हिमाली तथा पहाडी जिल्लाका ११९ स्थानमा खाद्यान्नको बिक्री वितरण भइरहेको छ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसँग करिब ६ महिनाको माग धान्न सक्ने गरी नूनको मौज्दात रहेको छ। नेपाल सरकारको कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत् १७ वटा दुर्गम हिमाली तथा पहाडी जिल्लाका ६१ स्थानमा नेपाल सरकारको ढुवानी अनुदानमा आयोडियुक्त नुन ढुवानी गरी बिक्री वितरण भइरहेको छ।

नेपाल आयल निगमसँग पेट्रोल ७ दिन, डिजल १२ दिन, मट्टितेल २६ दिन र हवाई इन्धन ६ दिनको माग धान्न सक्ने गरी ८९,९९० किलोलिटर भण्डारण क्षमता रहेको छ। विभिन्न ग्यास उद्योगहरूसँग ९,११७ मेट्रिक टन एलपी ग्याँसको भण्डारण क्षमता रहेको छ।

पछिल्लो समय भारत सरकारले चिनी, चामल, गहुँमा लगाएको निर्यात प्रतिबन्धका कारण देशमा अपुग खाद्यान्न आपूर्ति व्यवस्था प्रभावित भए तापनि धान, चामल, गहुँ र चिनीको थप कोटा तथा यी वस्तुमा लगाइएको निकासी महसुल छुटको लागि मन्त्रालयले भारत सरकारसँग कुटनीतिक पहल गरिरहेको छ।

## ३.३ प्रमुख सवालहरू

(क) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको व्यवसायिक दक्षता बढाई खाद्यान्नको मौज्दात क्षमता वृद्धि र बजारमा सहज आपूर्ति गर्नु।

(ख) पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउनु,

(ग) अत्यावश्यक वस्तु तथा सेवाको एकीकृत तथ्यांक प्रणाली निर्माण गरी वस्तुको वास्तविक उत्पादन, माग र आपूर्तिको अवस्था एकिन गर्नु,

(घ) दुर्गम क्षेत्रमा समयमै र पर्याप्त परिमाणमा खाद्यान्न आपूर्ति गर्नु,

(ङ) प्रमुख व्यापार साझेदार मुलुकको व्यापार नीतिमा परिवर्तन हुँदा आपूर्ति व्यवस्थामा हुने अवरोध लाई न्यूनीकरण गर्नु,

(च) उपभोक्ता सचेतनाको स्तरमा अभिवृद्धि गर्नु,

(छ) सघन बजार अनुगमनको माध्यमबाट अस्वाभाविक मूल्य वृद्धि, सिण्डिकेट, कार्टेलिङ्ग र कालो बजारीको अन्त्य गर्नु,

## ३.४ आपूर्ति क्षेत्रको सुधार कार्ययोजना

| क्र.सं. | सुधारका क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | अन्य सम्वद्ध निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| १. | नीति, कानून तथा मापदण्डहरू तर्जुमा र कार्यान्वयन | (क) आपूर्ति नीति, २०८१स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ महिना |
| | | (ख) एजेन्सी (संशोधन र एकीकरण) नियमहरू, २०१९ मा संशोधनको मस्यौदा स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने। | • मन्त्रालय | • अर्थ मन्त्रालय,<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ महिना |
| | | (ग) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) सम्बन्धी ऐन, २०७४ मा संशोधनको मस्यौदा तर्जुमा गर्ने। | • मन्त्रालय | • वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | १ वर्ष |
| | | (घ) पेट्रोलमा इथानोल मिश्रण (Blending) सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | • मन्त्रालय | • नेपाल आयल निगम | ३ महिना |
| | | (ङ) एलपी ग्याँसको घरायसी र व्यवसायिक प्रयोग सम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | • मन्त्रालय | • नेपाल आयल निगम | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (च) बजारमा चामलको सहज आपूर्ति र मूल्य स्थिरीकरणकालागि धान खरिद सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | • मन्त्रालय | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | ३ महिना |
| २. | बजार अनुगमन तथा व्यवस्थापन | तीनै तहका सरकारबीच जिम्मेवारी बाँडफाँड गर्ने। | • मन्त्रालय | • प्रदेश र स्थानीय तह | १ वर्ष |
| ३. | वाणिज्य प्रशासन सम्बन्धी सफ्टवेयर | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले वाणिज्य प्रशासन सम्बन्धी सफ्टवेयर खरिद गर्ने। | • वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | • प्रदेश र स्थानीय तह | १ वर्ष |
| ४. | खाद्य सुरक्षाका लागि बफर स्टक | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार र सार्क खाद्य बैंकमा ८ हजार गरी कुल ३३ हजार मेट्रिक टन खाद्यान्न मौज्दात कायम राख्ने। | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | • मन्त्रालय | निरन्तर |
| ५. | खाद्यान्न तथा नून ढुवानी | स्थानीय तहहरूसँगको समन्वयमा खाद्यान्न तथा नुन ढुवानीको व्यवस्था मिलाउने। | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड<br>• साल्ट ट्रेडिङ कर्पोरेसन | • मन्त्रालय | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | रैथाने बाली र स्थानीय उत्पादनहरूको प्रवर्द्धन | कर्णाली र सुदुरपश्चिमका २० स्थानीय तहहरूसँगको समन्वयमा रैथाने बाली र स्थानीय उत्पादनको प्रबर्द्धन गर्न ती वस्तुको खरिद गर्ने व्यवस्था मिलाउने। | • खाद्य व्यवस्था कम्पनी लिमिटेड | • मन्त्रालय | निरन्तर |
| ७. | पोषणयुक्त खाद्यान्नको पहुँच विस्तार (राइस फोर्टिफिकेशन) | (क) बागमती प्रदेशको थापाथली, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा राइस फोर्टिफिकेशन मिल स्थापना गरी सञ्चालनमा ल्याउने।<br>(ख) कम्तीमा २० हजार क्विन्टल फोर्टिफाइड चामल कर्णाली प्रदेशमा आपूर्ति गर्ने | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | • मन्त्रालय,<br>• स्थानीय तह | ३ महिना |
| ८. | अत्यावश्यक वस्तुहरूको सहज उपलब्धता र मूल्यवृद्धि नियन्त्रण | (क) चाडपर्व लक्षित सुपथ मूल्य पसल प्रत्येक जिल्लामा सञ्चालन गर्ने।<br>(ख) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको अचल सम्पत्तिको सदुपयोग मार्फत आर्थिक दक्षता हासिल गर्न अत्यावश्यक खाद्यान्नको विक्री केन्द्रहरू स्थापना तथा सञ्चालन सम्बन्धी विस्तृत अध्ययन गर्ने। | • मन्त्रालय | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड<br>• साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | |
| ९. | सेवा प्रवाहमा नवीन प्रविधिको उपयोग | आपूर्ति व्यवस्थासँग सम्बन्धित संस्थानहरूको सेवा प्रवाहलाई आधुनिक र प्रविधिमैत्री बनाउन सहजीकरण गर्ने। | • मन्त्रालय | • सबै सार्वजनिक संस्थानहरू | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | संघीय संरचना बमोजिम सेवाको व्यवस्थापन | (क) प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा पर्ने व्यापारको उद्देश्य लिई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता भएका फर्म/कम्पनीहरूसँग सम्बन्धित अभिलेख तथा कागजातहरू सम्बन्धित तहमा हस्तान्तरणमा गर्ने।<br>(ख) तरकारी तथा फलफूल थोक बजारमा Auction Pricing लागू गर्न अध्ययन गर्ने। | • मन्त्रालय | • वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग<br>• प्रदेश सरकार | १ वर्ष |
| ११. | उपभोक्ता अदालत गठन | उपभोक्ता अदालत गठनको लागि सहजीकरण तथा बजेट निकासा। | • मन्त्रालय | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३ महिना |
| १२. | बजार अनुगमन | (क) बजार स्वच्छता कायम गरी उपभोक्ता संरक्षण गर्न कम्तिमा ४०२० पटक बजार अनुगमन गर्ने।<br>(ख) नेपाली बजारमा भईरहेको Monopolistic Practices को अध्ययन गर्ने। | • वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | • जिल्ला प्रशासन कार्यालय<br>• सम्बन्धित निकायहरू | १ वर्ष |
| १३. | उपभोक्ता सचेतना | प्रदेश र स्थानीय तहसँगको समन्वयमा उपभोक्ता सचेतना सम्बन्धी कार्यक्रमहरू प्रत्येक प्रदेशमा सञ्चालन गर्ने। | • मन्त्रालय | • प्रदेश तथा स्थानीय तहहरू | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | नेपाल भारत बीच पेट्रोलियम पूर्वाधार सम्बन्धी सहयोग आदानप्रदान | नेपाल भारतबीच पेट्रोलियम पदार्थको क्षेत्रमा सहकार्य सम्बन्धी Joint Working Group को पाँचौ बैठक सम्पन्न गर्ने। | • मन्त्रालय | • नेपाल आयल निगम | ३ महिना |
| १५. | पेट्रोलियम पूर्वाधार निर्माण | (क) मोतिहारी - अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजना सम्पन्न गरी पेट्रोल र मट्टीतेल समेत आयात प्रारम्भ गर्ने। | • नेपाल आयल निगम | • मन्त्रालय | ३ महिना |
| | | (ख) अमलेखगञ्जमा १३,२०० कि.लि. क्षमताको पेट्रोल र ५,००० कि.लि. क्षमताको डिजेल भण्डारण ट्यांक थप गर्ने। | • नेपाल आयल निगम | • मन्त्रालय | ३ महिना |
| | | (ग) पोखरा विमानस्थलमा ३,६०० कि.लि. क्षमताको हवाइ इन्धन भण्डारण गृह निर्माण सम्पन्न गर्ने। | • नेपाल आयल निगम | • मन्त्रालय | १ वर्ष |
| | | (घ) सिलुगुडी-झापा (५० कि.मि.) र अमलेखगञ्ज-लोथर (६२ कि.मि.) पाइपलाइन निर्माण एवम् झापा र लोथरमा Greenfield Terminal निर्माण कार्य प्रारम्भ गर्ने। | • नेपाल आयल निगम | • मन्त्रालय | १ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ङ) सर्लाहीमा एलपी ग्याँस पाइपलाइन तथा भण्डारण निर्माण गर्न डिपिआर सम्पन्न गर्ने। | • नेपाल आयल निगम | • मन्त्रालय | १ वर्ष |
| १६. | ढुवानी अनुदान सम्बन्धी व्यवस्था पुनरावलोकन | हाल अनुदानमा खाद्यान्न तथा नून ढुवानी भइरहेका जिल्लाहरूमा यातायातको सुविधा पुगेको र खुल्ला बजारबाट समेत आपूर्ति भइरहेको सन्दर्भमा ढुवानी अनुदान सम्बन्धी व्यवस्था संघीय संरचना अनुरुप पुनरावलोकन गर्ने । | • मन्त्रालय | • नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी<br>• साल्ट ट्रेडिङ्ग लिमिटेड कर्पोरेशन<br>• जिल्ला प्रशासन<br>• स्थानीय तह | १ वर्ष |

## ४. निष्कर्षः

वर्तमान सरकार गठन भएपछि उद्योग तथा व्यवसायिक क्षेत्रमा सकारात्मक वातावरण निर्माण हुँदै गएको छ। मन्त्रालयले स्वदेशी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, लगानी आकर्षित गर्न, निर्यात प्रवर्द्धन मार्फत ब्यापार घाटा न्यूनीकरण गर्न अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन सुधारका क्षेत्र पहिचान गरी क्रियाकलापसहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

यस कार्ययोजनामा मन्त्रालय र मातहत विभाग तथा निकायमार्फत तीन महिना, एक वर्ष र निरन्तररुपमा कार्यान्वयन गरिने सुधार कार्य, मुख्य क्रियाकलापहरू, सम्बन्धित निकाय तथा समयसीमा समावेश गरिएको छ। मन्त्रालय, विभाग र मातहतका विभिन्न निकायको संलग्नतामा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा क्रियाशिल उद्यमी व्यवसायीका छाता संगठनहरू, वस्तुगत संघ संगठनहरू, प्राज्ञिक क्षेत्र र पूर्व मन्त्री तथा पूर्व सचिवहरू लगायत अन्य सरोकारवालाहरूको राय सुझाव समेतलाई समेटी यो कार्ययोजना तयार गरिएको हो।

यस कार्ययोजनामा विभिन्न निकायहरूले कार्यान्वयन गर्ने क्रियाकलापहरू एवम् निकायगत दायित्व स्पष्ट गरिएको छ। कार्ययोजनामा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन र आवधिक प्रतिवेदन योजना, अनुगमन तथा मुल्याङ्कन महाशाखाले गर्नेछ। यसको समीक्षा त्रैमासिक रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा गरिनेछ। कार्ययोजनाको सफल कार्यान्वयनबाट उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र सुदृढीकरण हुने र समृद्ध नेपाल, सुखी नेपाली लक्ष्य प्राप्तिमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।